सुन्दर शान्त समृद्ध नेपाल

# जनजागरण पार्टी नेपाल

# घोषणा–पत्र

प्रचारप्रसार विभाग
केन्द्रिय कार्यालय
ललितपुर

GPO Box. 8975, EPC 2282, Kathmandu, Nepal
Email: jpn.general@gmail.com
www.jpn.org.np

दोस्रो संस्करण, २०७८

# जनजागरण पार्टी नेपाल

## घोषणापत्र

**आदरणीय दिदी-बहिनी तथा दाजु-भाइहरू, शालोम !**

शान्तिपूर्ण लोकतान्त्रिक आन्दोलनको अनेक कालखण्डमा संघर्षको मोर्चामा अग्रणी भूमिका निर्वाह गर्ने सम्पूर्ण देशभक्त कर्तव्यनिष्ट नागरिकहरू, समाजसेवीहरू, महिला, युवा र विद्यार्थीहरू, मानव अधिकारकर्मी, न्यायकर्मी, स्वास्थ्यकर्मी र सञ्चारकर्मीहरू, मजदुर-किसान, शिक्षक-प्राध्यापक र बुद्धिजीवीहरू, इञ्जिनियर, उद्यमी र व्यापारीहरू, साहित्यकार, कलाकार एवं विज्ञ-विदूषीहरू लगायत धार्मिक समुदायका अगुवाहरू, सबै पेशा र व्यवसायका नेपाली जनताको सुन्दर, शान्त र समृद्ध नेपाल हेर्ने चाहना र सो चाहना पूरा गर्नका लागि जागृत भैरहेको लोकतान्त्रिक चेतना, संघर्ष र संकल्पका निम्ति तत्पर, सचेत, प्रगतिशील, न्यायप्रेमी, सबै नेपाली नागरिकप्रति हार्दिकतापूर्वक न्यानो अभिनन्दन गर्दै आफ्नो इमान्दार पहिचानसहितको राजनीतिक मार्गदर्शन प्रष्ट गर्न यो घोषणापत्र यहाँसमक्ष प्रश्तुत गर्दछौं ।

### प्रारम्भ

मुलुकमा दीगो शान्ति तथा न्यायपूर्ण समृद्ध समाजका लागि इमान्दार राजनीतिक पहल भैदिएको हेर्ने चाहना हरेक चेतनशील नेपाली जनतामा बढ्दै आएको अवस्थामा,

व्यवस्था परिवर्तनका विभिन्न चरणहरू पार गर्दै र शासकीय स्वरूपहरू बदल्दै आएको राष्ट्रिय राजनीतिलाई सचेत नेपाली नागरिकले चासोका साथ अध्ययन गरिरहेका हुनाले,

देशको सामाजिक, आर्थिक, भौतिक, बौद्धिक र आध्यात्मिक उन्नतिको परिकल्पना हरेक नेपालीका मनमा प्रगाढ बन्दै आइरहेको अवस्थामाथि ध्यान दिँदै,

सुन्दर देश, शान्त र समुन्नत समाज, अनि सोका लागि दीगो विकासका उपायहरू पहिल्याउँदै मुलुकलाई अग्रगामी बाटोमा अघिबढाएर जनतालाई भौतिक, नैतिक एवं बौद्धिक समृद्धितर्फ डोऱ्याउने दर्शन बोकेको एउटा सक्षम, सशक्त, जागरूक, नैतिकवान चरित्रको परिश्रमी तथा देशभक्त नागरिकहरूमात्रको राष्ट्रिय राजनीतिक दल बनोस् र सोही राजनीतिक दलको अगुवाइमा मुलुकले सही मार्गदर्शनसहितको प्रगतिपथमा कदम बढाओस् भन्ने आम जनताको हार्दिक चाहना पूरा गर्न,

साँचो राष्ट्रवाद अँगाल्दै मुलुक, माटो र जनताप्रति बफादार, राजनीतिक जिम्मेवारीप्रति इमान्दार र कर्तव्यनिष्ट नागरिकका हैसियतले राष्ट्र, राष्ट्रियता, मुलुक र जनताको सेवा गर्न प्रतिबद्ध नागरिकहरूको अग्रसरतामा एउटा राष्ट्रिय राजनीतिक अभियान अघि बढाउन,

अहिलेसम्मै राष्ट्रिय राजनीतिमा देखिएको विचलन, अराजकता, हिंसा, निरन्तरको असफलता, नैराश्यता र गतिहीन, अन्यौल, दर्शनहीन एवं विभेदकारी राजनीतिक व्यवहारलाई तत्काल निरूत्साहित गर्दै सही अर्थमा भौतिक, बौद्धिक, सामाजिक, न्यायिक, वैज्ञानिक साथै आध्यात्मिक चिन्तनलाई प्राथमिकता दिने, असल, चरित्रवान, उच्च नैतिकता, पारदर्शी, अनुशासित जीवनशैली प्रदर्शन गर्ने, मुलुकका निम्ति निःस्वार्थ सेवा, बलिदानी योगदान दिन तत्पर, देश र नागरिक हितको निम्ति सदा प्रतिबद्ध रहने राजनीतिकर्मी तथा सेवकहरूको खाँचो अहिले अझै बढेर गएकोले,

प्राकृतिक वरदानले धपक्क सजिएको देश नेपाललाई अझै सुन्दर, शान्त र समृद्ध बनाउने अठोटका साथ जनजागरण पार्टी नेपाल गठन गर्नु जरूरी ठानिएको हो ।

## मूल सैद्धान्तिक आधार: लोककल्याणकारी समाज

लोककल्याण गर्नु राजनीतिको मूल उद्देश्य र कर्तव्य पनि हो । समाजको हित, उद्धार र उत्थानको निम्ति राजनीतिक प्रयत्न हुनु विकासोन्मुख तथा विकासशील देशहरूका लागि अपरिहार्य शर्त हो । राजनीतिक उपायद्वारा लोककल्याणका लागि निरन्तर योगदान दिन निःस्वार्थ जीवनशैली,

परोपकारी भावना, सेवकीय चरित्र र इमान्दार प्रवृत्तिको खाँचो पर्छ। यसमा धार्मिक स्वभावबाट प्रेरित हुने नैतिकता झनै मुख्य चरित्र मानिन्छ । त्यसकारण परोपकारी भावनाले अभिप्रेरित भएर नेपाली समाजको चौतर्फी प्रगति, उन्नति र समृद्धिको आधार पहिल्याउन यस पार्टीले लोककल्याणकारी समाज स्थापनाको लक्ष्य लिएको छ।

## मूल दर्शन

आम नेपालीमात्रको अपार सहभागितामा शिक्षा, स्वास्थ्य, प्रशासन, उद्योग, व्यापार, भौतिक-प्राकृतिक स्रोतसाधनको न्यायोचित उपभोग गर्दै मुलुकमा 'साँचो समृद्धि' ल्याउनका लागि लोकतान्त्रिक तथा पूँजीवादी अर्थव्यवस्थासहितको नयाँ सोच, अठोट र लोककल्याणकारी मार्गदर्शन पहिल्याउँदै "सुन्दर, शान्त, समृद्ध नेपाल" निर्माण गर्ने।

## आधारभूत मूल्य-मान्यता

यस पार्टीका आधारभूत तथा असंशोधनीय मूल्य-मान्यताहरू यसप्रकार रहनेछन्:

क) **सृष्टिकर्ताको आदर, सृष्टिको संरक्षण र सदुपयोगः** सारा जगत सृष्टिकर्ताको सुन्दर सृष्टि हो। मानिस यस सृष्टिकै सर्वोच्च प्राणी, सारा प्रकृति र प्राणी जगत्प्रति जिम्मेवार ठहऱ्याइएको कारिन्दा पनि हो । सृष्टिको संरक्षण र सदुपयोग गर्नु मानिसको अहम् कर्तव्य ठहर्दछ। यी सबै कुरामा सृष्टिकर्ताको भयमा रहेर तोकिएको कर्तव्य पालन गर्नु नै मानवमात्रको दायित्व हो।

ख) **सृजनशीलता, सहकार्य र सहकारिताः** मानिसले सदैव सकारात्मक सृजनशीलता कायम राख्नुपर्दछ । असल सोच र उद्देश्यबाट भएको हरेक सृजनाले मानवमात्रको कल्याण कार्यमा एउटा इँटा थप्दछ । सामुहिक सेवाको भावनाबाट प्रेरित हुने प्रत्येक सकारात्मक सृजनाले समुदायमा बस्ने हरेकलाई सहकार्य गर्ने सुअवसर जुटाउँछ । सहकार्यले सहकारितामाथि बल पुऱ्याउँछ र सहकारिताले सबैको एकसाथ उन्नति गराउँछ।

ग) **शान्ति, मिलाप र न्यायः** शान्तिपूर्वक बाँच्न पाउनु मानव जीवनकै मुख्य चाहना हो, जुन शान्ति क्षमा र मेलमिलापमा रहँदा सम्भव हुन्छ र शान्ति, क्षमा-मिलापले न्याय स्थापित गर्दछ, र यसरीमात्रै समृद्धिको यात्रा पूरा हुन्छ।

घ) **स्वयम्सेवा, समता र मानवकल्याणः** निःस्वार्थ रूपमा प्रदान गरिने स्वयम्सेवाले विनम्र, सालिन र सेवकीय व्यक्तित्व झल्काउँदछ । निःस्वार्थ भावमा परस्पर गरिने सेवाले समानताको जग बसाल्छ । समाजका सबै व्यक्तिको समान उपस्थिति, सम्मान तथा अवसरहरूको समान उपभोग गर्न पाउनु पर्दछ । समानताको भावनाले मानवकल्याणको निम्ति समर्पित हुन सबैलाई उत्प्रेरित गर्दछ र यस प्रयत्नबाट समतामूलक समाज स्थापना सम्भव हुन्छ।

ङ) **पारदर्शिता, मानवीय नैतिकता र धार्मिकताः** सामुहिक जिम्मेवारीमा रहने मानिसले पारदर्शी जीवन र व्यवहार प्रदर्शन गर्नुपर्दछ । पारदर्शिताले मानवीय नैतिकता उच्च राख्दछ र मानवीय नैतिकतामा आधारित धार्मिकताले राष्ट्रलाई उचाल्दछ।

## मूलभूत उद्देश्यहरू

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्था, धर्म निरपेक्षतासहितको पूर्ण धार्मिक स्वतन्त्रता, समावेशीकरण, बहुलबाद, विधिको शासन, पूँजीवादी अर्थव्यवस्था तथा समतामूलक नेपाली समाजको निर्माण गर्न, उच्च आदर्शयुक्त तथा मौलिक श्रेष्ठतायुक्त लोककल्याणकारी प्रयत्नद्वारा सुन्दर, शान्त र समृष्द्ध राष्ट्र निर्माण गर्नका लागि जनजागरण पार्टी नेपालले निम्नानुसार आफ्ना उद्देश्यहरू तोकेको छः

१. शान्ति र प्रगतिशील न्यायमा आधारित कानुनी राज्यको स्थापना र सुशासनको ग्यारेण्टी गर्ने ।

२. राष्ट्रियता, संघीय लोकतन्त्रिक गणतन्त्र, शान्ति, न्याय, धर्मनिरपेक्षता, धार्मिकता, पारदर्शिता, क्षमा र मिलापको

सिद्धान्तअनुसार साँचो प्रेम र व्यवहारबाट लोककल्याणकारी समाज र समुन्नत राष्ट्र विकासमा योगदान पुऱ्याउने ।

३. नागरिकका मौलिक हक-अधिकारको ग्यारेण्टी गर्दै सबै धर्म, संस्कृति, जातजाति, भाषाभाषी, पेसा, लिङ्ग र क्षेत्रका बासिन्दालाई समतामूलक सिद्धान्तका आधारमा समान अवसर प्रदान गरी राष्ट्र निर्माणमा एकजुट हुन अभिप्रेरित गर्ने ।

४. राष्ट्रिय हितमा अविछिन्न खडा रहेर निरन्तर सकारात्मक परिवर्तनको बाटोमा लम्किँदै आर्थिक उन्नति तथा भौतिक पूर्वाधारको निर्माण गरी विश्वकै समृद्ध राष्ट्र नेपालको स्थापना गर्ने ।

५. धर्मनिरपेक्ष राज्यको सबलीकरणमार्फत् धार्मिक-साँस्कृतिक हक एवं मानव अधिकारको ग्यारेण्टी गर्दै पूर्ण धार्मिक स्वतन्त्रताको अभ्यासमा आधारित रही अध्यात्मिक र भौतिक ज्ञान र सृजनालाई समस्त नागरिकहरूको हकहित र उन्नतिमा सदुपययोग गर्ने ।

६. राष्ट्रिय स्वाधिनता, अखण्डता र सुरक्षा कायम राख्न अटल र अपराजित रहिरहने । अन्तर्राष्ट्रिय तथा द्विदेशीय सन्धी-सम्झौताहरूको पुनरावलोकन गर्दै गुमेका समस्त भूभागहरू देशमा फिर्ता ल्याउने । साथै सबै छिमेकी राष्ट्रहरूबीच समान व्यवहार, सद्भावपूर्ण समदूरीको सम्बन्ध कायम राख्ने र वैदेशिक सम्बन्धलाई सदैव आपसी हितका लागि उपययोग गर्ने ।

७. वातावरणीय सन्तुलन कायम राख्दै स्थानीय-राष्ट्रिय स्रोत, साधन र जनशक्तिको उच्चतम प्रययोग तथा परिचालन गर्दै राष्ट्र निर्माणमा समस्त युवा, महिला तथा सम्पूर्ण पक्षहरूको योग्यता र दक्षताको उपययोग गर्ने ।

८. लोकतान्त्रिक पद्धतिमा आधारित उत्कृष्ट राजनीतिक संस्कार र सभ्यताको विकास गर्दै विश्वकै नमूनायोग्य मुलुकको स्थापना गर्ने ।

९. लोकतान्त्रिक पद्दति अंगीकार गर्ने सबै राजनैतिक दलप्रति समान सद्भाव, पारस्परिक सहयोगको राजनीतिक संस्कार र सभ्यता विकास गर्ने ।

१०. स्थानीय-राष्ट्रिय स्रोत, साधन र जनशक्तिको उच्चतम प्रययोग तथा परिचालन गर्दै रूपान्तरणकारी ढङ्गले राष्ट्र निर्माणमा निरन्तर लागिरहने, जसका लागि देश विकासमा अति महत्व राख्ने यी क्षेत्रहरूको भौतिक पूर्वाधार विकासमा मुख्य प्राथमिकता तोक्दै नेपाल देशलाई सुन्दर शान्त र समृद्ध मुलुक बनाउने, जस्तैः क. मानव संसाधन विकास (आत्मिक, शारीरिक, बौद्धिक र सामाजिक पक्षहरू), ख. कृषि-सहकारी, वन तथा जडीबुटी, ग. पर्यटन व्यवसायमा निर्भरता, घ. जलस्रोत तथा उर्जा, ङ. यातायात (सडक, जल, तार, रेल र हवाइ), च. सूचना प्रविधि, छ. विज्ञान प्रविधि, आदि ।

## निर्देशक सिद्धान्तहरु

गाढा निलो रङ्गको आयताकार पृष्ठभूमिमा गोलाकार षट्कोणी सातवटा तारा अङ्कित झण्डा र सोही झण्डामा जडित ताराहरूलाई वृत्ताकारभित्र राखी गोलाकारमा नाम खुलाइएको एउटा प्रतीकचिन्ह (लोगो) हुनेछ । पृष्ठभूमिको गाडा निलो रङ्ग शान्तिको प्रतीक हो । "शान्ति" यस पार्टीको मूल मन्त्र रहने छ । यस पार्टीले कुनै किसिमको हिंसा, विध्वंश र अराजक व्यवहार कदापि अवलम्बन गर्ने छैन । यस पार्टीमा आबद्ध हरेक व्यक्तिहरू परिवार, समुदाय, देश र सिङ्गो विश्वमा शान्ति कायम राख्न सधैं प्रयत्नशील रहिरहने छन् । त्यसैगरी सात प्रदेशको रूपमा समावेस सिङ्गो देशको प्रतिकात्मक प्रतिनिधित्व यी सात ताराहरूले गर्नेछन्, त्यसबाहेक निम्न शब्दावलीमा

वर्णन गरिएको पार्टीको निर्देशक सिद्धान्तहरूलाई पनि यी ताराहरूले जनाउने छन्ः

१. **राष्ट्रियताः** राजनीतिमा व्यक्ति वा दलभन्दा राष्ट्रलाई नै सदैब उच्च प्राथमिकतामा राखिनुपर्दछ । स्वतन्त्र, स्वाधीन एवं सार्वभौम राष्ट्रको अस्तित्व त्यहाँका सम्पूर्ण जनतामा राष्ट्रियताप्रतिको अक्षुण भावनाले मात्रै कायम राख्दछ। राष्ट्रियता भनेको छिमेकी देशहरूका विरुद्ध उभिइनु होइन, बरू आफ्नै देशको माटो, यहाँका मान्छेहरू र यहाँ विकसित भएको मान्यताप्रतिको लगाव हो, प्रेम हो। नेपाली नामले चिनिने माटो, मान्छे र मान्यतालाई अटुट प्रेम गर्नु राष्ट्रियता हो। राष्ट्रप्रेम नागरिकको मूल कर्तव्य हो। यस पार्टीले गर्ने अहम् निर्णय र काम-कार्वाहीमा सधैं राष्ट्रिय स्वार्थलाई उच्च सम्मान एवं प्राथमिकता दिनेछ।

२. **संघीय लोकतान्त्रिक गणतन्त्रः** साँचो र व्यवहारिक लोकतन्त्र प्राप्तिका लागि नेपाली जनताले देशमा पटकपटक आन्दोलन लडेका छन् । तिनै आन्दोलनको पछिल्लो परिणामस्वरूप शदिऔंदेखिको शाही विरासतको राजतन्त्र परास्त भयो र पछिल्लो संविधानद्वारा मुलुकलाई संघीय गणतान्त्रिक लोकतन्त्र स्थापित गरेको छ, जसलाई जनजागरण पार्टी नेपालले स्वीकार गरेको छ । राज्य सञ्चालनका लागि जनता आफैंले सार्वभौम शक्तिकारूपमा आफैंमाथि शासन गर्ने राजनीतिक व्यवस्थालाई लोकतन्त्र भनिन्छ। आधुनिक राजनीतिक व्यवस्थामा सर्वत्र स्वीकृत शासकीय प्रणाली लोकतन्त्र हो । स्वतन्त्ररूपमा निर्वाचित प्रतिनिधिहरू सम्मिलित संसदीय व्यवस्थापिकाबाट आवश्यक कानून निर्माण गर्ने, सोही कानूनको पालना गर्दै जनताबाटै प्रत्यक्ष निर्वाचित सरकारले जनउत्तरदायी कार्यपालिकाको भूमिका निर्वाह गर्ने र कानूनको स्वतन्त्र व्याख्या र मर्यादित कानूनीराज्यको प्रत्याभूतिका लागि मार्गनिर्देश गर्दै सबैका लागि न्यायपूर्ण समाज स्थापना गर्न भूमिका निर्वाह गर्ने न्यायपालिका लोकतन्त्रमा अनिवार्य अङ्ग हुन्छन्, राज्यका यी तीनवटै अङ्गबीचको सन्तुलनसहितको कानुनी राज्य नै उत्कृष्ट लोकतान्त्रिक राज्य व्यवस्था हुनेछ भन्ने विश्वाससाथ

संघीय संरचनाअनुरूपको लोकतान्त्रिक व्यवस्था स्थापित गर्नु यस पार्टीको असंशोधनीय सैद्धान्तिक मार्गदर्शन हुनेछ।

३. **स्वतन्त्रताः** नागरिक स्वतन्त्रता सहकारिता, सहकार्य र समृद्धिका लागि अति आवश्यक पूर्वशर्त हो। एउटा वयस्क, चेतनशील तथा जिम्मेवार मानिसका रूपमा उसको स्वविवेकले उचित ठानेको आस्था, मान्यता र कर्तव्यअनुसार अभ्यास गर्न पाउनु नै सार्थक जीवन जिउने स्वतन्त्रता हो। यो स्वतन्त्रताले मात्रै कुनै पनि व्यक्तिले आफू अरूहरूप्रति जवाफदेही महसुस गर्दछ र समाजमा सद्भाव, प्रेम र परोपकार स्थापित हुन सक्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा मानवहितमा समर्पित असंख्य अन्तर्राष्ट्रिय अभिसन्धी तथा कानूनहरूद्वारा व्यवस्थित र परिभाषित अधिकारहरूको बिनाविभेद समानरूपमा उपभोग गर्न सबैले पाउनुपर्दछ । संविधान र कानूनमा उल्लेखित मौलिक हक-आधिकारको निर्बाध उपभोग गर्नमा कोही पनि कुनै बाहानामा बञ्चित हुनुहुँदैन । मानव अधिकारसम्बन्धी सम्पूर्ण हकहरूको ग्यारेण्टीले जनताको स्वतन्त्रताको रक्षा गर्दछ । यसरी अर्थपूर्ण जीवन जिउने स्वतन्त्रताको प्रत्याभूतिबाट मुलुकलाई न्यायपूर्ण समृद्धितर्फ डोऱ्याउन सम्भव हुन्छ। त्यसकारण यो पार्टी मानव अधिकारसम्बन्धी अन्तरराष्ट्रिय अभिसन्धीहरू तथा जनताका मौलिक अधिकारको प्रत्याभूति, सुरक्षा र ग्यारेण्टी गर्नमा सदा लागिरहने छ।

४. **न्यायः** मानव समाजमा कुनै प्रकारको भेदभाद, छुवाछूत तथा असमान अस्तित्व रहिरहेसम्म समाजमा, देशमा र सिङ्गो विश्वमा नै न्याय स्थापित हुन सक्दैन। त्यसकारण यो पार्टीले मानवबीच समानता, निःस्पक्षता र विधिको शासनलाई सर्वोच्च प्राथमिकतामा राख्दै न्याय स्थापित गरिराख्न काम गर्नेछ।

५. **धार्मिकताः** साँचो धार्मिकताले राष्ट्रको सम्मान बढाउँछ । धार्मिकताले व्यक्तिलाई नैतिक आचरणमा बलियोगरी उभ्याउँछ। धर्मले मानव जीवनलाई सत्यवादी, परोपकारी र लोककल्याणकारी

बनेर जिउने विश्वासको आधार तयार गर्दछ । त्यसर्थ यो पार्टी सम्पूर्ण नागरिकले आफूले इच्छाएको कुनै पनि धर्म मान्ने, अवलम्बन तथा अभ्यास गर्ने पूर्ण धार्मिक स्वतन्त्रताको पक्षमा सदा क्रियाशील रहने छ ।

६. **पारदर्शिताः** पारदर्शी व्यवहारले मानिसलाई भ्रष्ट आचरणबाट मुक्त राख्दछ । राज्य सञ्चालनका सवालमा पारदर्शिताको अभावले समग्र मुलुकलाई अन्यौलतर्फ धकेल्छ । त्यसर्थ, यो पार्टी सबैखाले जनसरोकार तथा राष्ट्रिय (आर्थिक-सामाजिक) सवालसित जोडिइने हरेक महत्वपूर्ण निर्णय तथा क्रियाकलापहरूमा सधैं पारदर्शी रहने छ ।

७. **कल्याणकारी पूँजीवादः** आजको विश्वमा भौतिक तथा सामाजिक रूपमा अतिविकसित बनेका देशहरूले पूँजीवादी अर्थव्यवस्था लागू गरेर आर्थिक विकासको फड्को मारेका हुन् । आफूलाई समाजवादी भन्दै गरेका देशहरूले पनि अन्ततः पूँजीवादी अर्थव्यवस्था अवलम्बन गरेरै विकासको गति पहिल्याएका हुन् । यही अर्थव्यवस्थाले विश्वका दुई अर्बभन्दा बढी मानिसहरू अहिलेसम्म गरीबीको रेखामाथि उठिसकेका छन् । त्यसकारण, न्यायपूर्ण वितरणमा आधारित समतामूलक समाज निर्माण गर्न लोककल्याणलाई प्रथमिकता दिने पूँजीवादी अर्थराजनीति आजको अपरिहार्य आवश्यकता मानिएको छ । मानव विकासको समृद्ध र समतामूलक व्यवस्थाका लागि पूँजीवाद अवलम्बन गर्दै लोककल्याणकारी समाज स्थापनाको लक्ष्यमा अबको राजनीतिले बाटो समात्नुपर्छ । नेपाली राजनीतिक बजारमा अनावश्यकरूपमा गाली गरिएको पूँजीवादको सकारात्मक पक्षको भरपूर उपयोग हुन सकेमात्रै मुलुकलाई सर्वाङ्गीण विकासतर्फ डोऱ्याउन सकिन्छ । सो लक्ष प्राप्त गर्न उदारवादी विधिवादलाई हाम्रो पार्टीले वैकल्पिक उपायको रूपमा अवलम्बन गरेको छ, जसमा खुल्ला अर्थतन्त्रमा आधारित कल्याणकारी प्रयत्नले विशिष्ट स्थान लिनेछ । राज्यले नागरिकको आर्थिक र सामाजिक प्रगतिमा पूर्ण जिम्मेवारी लिई जनतालाई व्यापार, व्यवसाय गर्न सहजकर्ताको भूमिका निर्वाह गर्दै

नागरिकको व्यक्तिगत सम्पत्तिको अधिकार सुनिश्चित गरिदिँदा लोकतन्त्र, मानव अधिकार, स्वतन्त्रता, बहुलवाद, विधिको शासन, खुल्ला बजार-अर्थनीतिजस्ता सवालहरूमा राज्यको कम नियन्त्रण रहने सिद्धान्तले महत्व पाउनेछन् । श्रमको बाँडफाँड, माग र आपूर्ति, आपसी समझदारीमा हुने लेनदेन, छनोट र प्रतिस्पर्धामा आधारित अनुसन्धान, उत्पादन, खुल्ला बजारीकरण, उद्यमशीलता एवं अर्थोपार्जनमा नागरिकको स्वतन्त्र लगानी रहन्छ भने राज्यले नियामक निकायका रूपमा आवश्य सहजकर्ताको भूमिका मात्रै खेल्नुपर्छ । यसमा नागरिकका आधारभूत आवश्यकताहरू, जस्तैः शिक्षा, स्वास्थ्य, आवास, रोजगारी तथा सामाजिक सुरक्षालगायत दायित्व राज्यले लिन्छ र नागरिकले स्वतन्त्ररूपमा आयआर्जन गरी राज्यलाई कर तिर्ने व्यवस्था कायम रहने छ ।

## इमान्दार तथा सशक्त जनशक्ति परिचालनमा प्रतिबद्धता

पार्टीमा आबद्ध सबै सक्रिय सदस्यहरू, पदाधिकारीहरू र पार्टीको प्रतिनिधित्व गर्दै राज्य वा अन्य क्षेत्रमा सेवा गर्न पठाइएका सबै व्यक्तिहरूलाई यसका आधारभूत मूल्यमान्यता तथा सिद्धान्तहरूको पूर्ण परिपालन गर्नमा सचेत र दृढ बन्न निर्देशित गरिनेछ । पार्टीमा आबद्ध व्यक्तिहरूले तोकिएका जिम्मेवारीहरूमा रही काम गर्दा निम्न बुँदाहरूमा अटल रही सेवा गर्नु सबैको मुख्य कर्तव्य रहने छः

१. **पार्टीमा महिला र युवाहरूको सहभागिता सुनिश्चित गर्नेः** यसका पार्टीका कामहरूको प्रभावकारिता बलियो बनाउने उद्देश्यले पार्टी संगठनमा महिला र युवाको पर्याप्त सहभागिता जुटाइने छ । त्यसैले केन्द्रीय नेतृत्वदेखि स्थानीय तहसम्मका सबै कार्यसमितिहरूमा सकेसम्म महिला-पुरूष बराबरी र त्यसमा ४० प्रतिशत युवा सहभागिता अनिवार्यरूपमा सुनिश्चित गरिने छ ।

२. **सक्रिय सदस्यहरूको परिचालन गर्दा ध्यान दिइने कुराहरूः** कुनैपनि स्थानीय तहमा संगठित हुने सबै सक्रिय सदस्यहरूले तोकिएका कुनैपनि कार्यहरू गर्दा निरन्तरजसो पार्टीको सिद्धान्त,

मूल्यमान्यता तथा राष्ट्रियतालाई सर्वोपरि महत्व दिएर लोककल्याणकारी कार्यमा लागिरहेछन् ।

३. **पार्टी आचारसंहिता कडाइसाथ लागू गरिनेः** पार्टीलाई राष्ट्रिय मूलधारको राजनीतिक दलको रूपमा स्थापित गर्न संगठनको कामलाई चरणबद्ध, शिष्ट र अनुशासितढङ्गले अघि बढाउनका लागि स्पष्ट रणनीतिक निर्देशिकाको रूपमा आन्तरिक पार्टी आचारसंहिता लागू गरिने छ । सो आचारसंहिता पालन गर्नु प्रत्येक पार्टी सदस्यको कर्तव्य हुनेछ र संगठन परिचालनका लागि केन्द्रीय नेतृत्व तहदेखि गाउँ कार्यसमितिका पदाधिकारी, सदस्य तथा सम्पूर्ण सक्रिय सदस्यहरूले निर्बिकल्प पालन गरे नगरेको अनुगमन तथा मूल्याङ्कनका आधारमा सम्बन्धित व्यक्तिलाई पार्टी वा राज्यमा थप जिम्मेवारी दिन सिफारिस गर्ने व्यवस्था कडाइका साथ लागू गरिने छ ।

४. **आर्थिक मितव्ययिता र पारदर्शीता कायम राख्नेः** पार्टीमा आबद्ध सबै सक्रिय सदस्यहरूले आफ्नो र निकट पारिवारका सदस्यहरू ( पति वा पत्नी, अविवाहित छोरा वा छोरी, संयुक्त परिवारमा रहेका दाजुभाइ वा दिदी-बहिनीहरूसमेत) को खर्चमा मितव्ययिता अपनाउनुपर्ने छ । हरेक सदस्यले आफ्नो आम्दानी र खर्चको वार्षिक प्रतिवेदन पार्टीको सम्बन्धित क्षेत्रको कार्यसमितिसमक्ष पेश गरेरमात्रै सक्रिय सदस्यता नवीकरण गराइने छ । हरेक सदस्यले पार्टी वा राज्यको कुनै पनि जिम्मेवार पदमा रही सेवा गर्नका लागि पार्टीको प्रतिनिधित्व गर्न जानुअघि वा सो जिम्मेवारीबाट मुक्त भएको एक महिनाभित्र आफ्नो सम्पत्तिको यथार्थ विवरण सम्बन्धित तहको कार्यसमितिसमक्ष पेश गर्नुपर्ने छ । त्यसैगरी पार्टीको सांगठनिक पारदर्शिता प्राथमिकतासाथ कायम राख्दै कम्तीमा वार्षिकरूपमा पार्टीका सबै गतिविधिहरूको सार्वजनिक लेखा (Public Auditing) सहितको प्रगति प्रतिवेदन प्रकाशन गरिने छ ।

५. **व्यक्तिगत सम्पत्ति विवरण बुझाउनुपर्नेः** पार्टीका प्रत्येक तहका नेता वा कार्यकर्ताहरूको आफ्नै पेसा, उद्यम, व्यापार व्यवसाय, पैतृक सम्पति, कम्पनी सेयरलगायत आयआर्जनको कुनै दीगो र वैधानिक आयस्रोत हुनुपर्ने कुरामा जोड दिइने छ । पैसाको लोभ वा चाँडै धनी बन्ने महत्वाकांक्षाबाट प्रेरित भई अनैतिक तरिकाले सम्पति कमाउन गलत सम्बन्धहरू स्थापना गरी दलाली, ठगी, चन्दाअसुली वा काला व्यापार गर्ने व्यक्तिलाई पार्टीमा तत्काल कार्वाही र प्रतिबन्धित गरिने छ। त्यसर्थ पार्टीको तीनवटै तहका कार्यसमितिमा आबद्ध सदस्य वा पदाधिकारीहरू र तत्तत् कार्यसमितिबाट सिफारिस भई लाभको पदमा रही सेवा गर्ने प्रत्येक व्यक्तिले वार्षिकरूपमा आ-आफ्नो तहको कार्यसमितिसमक्ष तोकिएको ढाँचामा सम्पत्ति विवरण फारम भरी बुझाउनुपर्ने छ।

६. **अबान्छित लाभ लिन प्रतिबन्ध लगाइनेः** विधिसम्मत तवरले तोकिएको तलब-भत्ता, वैधानिक ठहर्ने व्यापार वा उद्योग-व्यवसाय तथा वस्तु र सेवाको विनियोजनका लागि तोकिएको मापदण्डभन्दा बाहिर गई गरिने जुनसुकै आर्थिक लाभलाई अबान्छित ठहर गरिने छ । कुनैपनि वैधानिक सेवामा बहाल रहेका पार्टी प्रतिनिधीले सरकारी तथा लाभको पद धारण गरेबापत तोकिएकोभन्दा बढी आर्थिक लाभ लिने कार्यलाई 'भ्रष्टाचार' ठहऱ्याइने छ । त्यसर्थ कुनैपनि पार्टी प्रतिनिधी, नेता वा कार्यकर्ताले व्यक्तिगतरूपमा जुनसुकै व्यक्ति वा संस्थाबाट दिइएको नजराना, कमिसन वा उपहार ग्रहण गर्न पाइने छैन ।

७. **अयोग्य घोषणा वा प्रतिबन्ध गरिनेः** आर्थिक अपचलन, अनैतिक आचरण, भ्रष्टाचार तथा मानवीयता विरुद्धको जघन्य अपराधमा अदालतबाट दोषी ठहर गरिएको व्यक्ति पार्टीको कुनै पनि जिम्मेवारीमा रही काम गर्न सदैव अयोग्य रहने छ । पार्टीले अङ्गीकार गरेका मूल्यमान्यताविपरीत कार्य गर्ने पार्टीको जुनसुकै तहका बहालवाला नेता, कार्यकर्ता वा सक्रिय सदस्यलाई उचित सुनुवाइको मौकापछि सम्बन्धित तहको अनुशासन समितिले दोषी ठहर गरी सिफारिस गरेबमोजिम कार्वाही हुनेछ। अनैतिक सम्झौता

गरी आर्थिक अपचलन वा भ्रष्टाचार गर्ने तथा जघन्य अपराध गर्ने व्यक्तिलाई भविष्यमा पुनर्बहालीको सम्भावना नरहनेगरी तत्काल पार्टीबाट बर्खास्त गरिने छ।

८. **सामुहिक नेतृत्व पद्दति स्थापित गरिनेः** अहिलेसम्म नेपाली राजनीतिमा देखिएको बिचलन, फूट, हैकमवाद र अराजकता समाप्त गर्नका लागि राज्यको प्रशासकीय पद्दतिका आधारमा तीनवटै तहमा "सामुहिक नेतृत्व पद्दति" स्थापित गर्नुपर्दछ, जसमा **पार्टी** (संगठन), **राष्ट्र** (जमीन, जनता र जनमत) र **परराष्ट्र** (छिमेकी मुलुकहरू) सम्बन्धमा तीनवटै तहको शिर्षनेतृत्वले एकल निर्णय गर्न पाउने विशेषाधिकारको अन्त्य गर्न कम्तीमा पनि एउटा सानो विशेषाधिकार समिति गठन गरी दायित्व सुम्पिइने छ । यस्तो विशेषाधिकार समितिले उपरोक्त सम्बन्धमा गरेका दूरगामी निर्णयहरू स्थायी समितिबाट पारित गराउने र त्यो विषयलाई पनि केन्द्रीय कार्यसमितिबाट अनुमोदन गराउनुपर्ने व्यवस्था स्थापित गरेर पार्टीमा सामुहिक नेतृत्व पद्दति स्थापित गरिने छ।

९. **सामुहिक निर्णय पद्दति र त्यसको आधिकारिकता पुष्टि गर्नेः** सबै तहका पार्टी सचिवालयले आवश्यकताअनुसार, विशेष परिस्थिति वा अपर्झट गर्ने निर्णयहरू अनुमोदनका लागि तोकिएको स्थायी समितिमा पठाउने छन् । स्थायी समितिको निर्णय केन्द्रीय कार्यसमितिको सर्वसम्मत वा बहुमतले पारित हुनेछ । केन्द्रीय कार्यसमितिको नियमित बैठकले उक्त निर्णय पारित गरी तल्लो तहका पार्टी सचिवालयहरूमा परिपत्र गरी लागू गराइनेछ । सामान्य अवस्थामा भने सबै तहका सचिवालयहरूले पार्टीको विधानबमोजिम कार्य सम्पन्न गर्न कुनै रोकतोक हुने छैन।

१०. **एक व्यक्ति-एक पद पद्दति लागू गरिनेः** पार्टी र राज्यसत्तालाई विधिसम्मत् र सन्तुलितरूपमा उपभोग गर्नका साथै कुनै पनि व्यक्तिलाई असीमित अधिकारबाट बञ्चित गर्नका लागि एक व्यक्ति-एक पदको व्यवस्था कडाइका साथ लागू गरिने छ। यसमा पार्टीको कुनै तहको कार्यकारी अध्यक्षले सोही तहको राज्यसत्तामा

पनि कार्यकारी प्रमुख भई सेवा गर्नुपर्ने अवस्थामा आफू कार्यरत जिम्मेवारीका लागि कार्यबाहक तोकिजानुपर्ने व्यवस्था लागू हुनेछ, तर पार्टीअन्तरगत विभागीय जिम्मेवारी बहन गर्नमा भने यो सीमा लागू हुने छैन।

११. **सेवा अवधिको सीमा तथा उमेरको हद तोक्नेः** बाँचुञ्जेलसम्मै दलको नेता बनेर नेतृत्वमा रहिरहने पदलोलुप आसक्ति अन्त्य गर्न पार्टीमा एकै पदमा रही सेवा गर्न पाउने निश्चित समयावधि तोकिने छ, जसमा केन्द्र र प्रदेश तहका अध्यक्षहरूको कार्यकालको हकमा कुनै एक व्यक्तिले लगातार दुई पटकसम्ममात्रै अध्यक्ष पदमा रही सेवा गर्न पाउने व्यवस्था लागू गरिने छ । अध्यक्ष पदमा दुई पटकभन्दा बढी उमेद्वारी दिन वा निर्वाचित हुन नपाउने वा ७० वर्ष उमेरपछि पार्टीको केन्द्रिय कार्यकारी नेतृत्व (पदाधिकारी) बाट अनिवार्य अवकाश लिई अविभावकीय तथा पार्टीले तोकेको जिम्मेवारी निर्वाह गर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गर्दै नयाँ पुस्ताको नेतृत्व विकास र हस्तान्तरणलाई सहज गरिने छ। त्यसैगरी पार्टीको कुनै पनि पदाधिकारीले देशको राष्ट्रपति लगातार वा पूरा सेवाअवधि बढीमा दुईपटक, प्रधानमन्त्री बढीमा तीनपटक र मन्त्री बढीमा चारपटक मात्रै हुन पाउने व्यवस्था लागू गरिनेछ।

१२. **निस्पक्ष एवं तठस्थ अभ्यासमाथि जोडः** मुलुकको विविधतालाई सम्बोधन गर्ने "निरपेक्ष" सांगठनिक स्वरूप निर्माण गर्नमा पार्टीपंक्तिलाई प्रतिबद्ध तुल्याइने छ । पार्टीको मूल्यमान्यता, सिद्धान्त तथा रणनीतिक कार्यक्रमहरूको प्रचारप्रसार र मिडिया प्रबद्धर्न गर्दै सबै जातजाति, भाषा, धर्म, सँस्कृति र क्षेत्रीयतालाई समावेशी तुल्याइने छ । अर्थात्, पार्टीका कुनै पनि गतिविधि वा रणनीतिक निर्णयहरू सार्वजनिक गर्दा एकल धर्म, सम्प्रदाय वा सँस्कृतिको मात्रै हित हुनेगरी कार्य नगर्ने र सोको प्रचारप्रसार गर्दा पनि पार्टी लाइनलाई प्रष्टतः समावेशी तुल्याइने छ।

१३. **पार्टी पंक्तिले एउटै सन्देश दिनुपर्नेः** पार्टीको मूल्यमान्यता, निर्देशक सिद्धान्त वा विधान र आचारसंहिताअनुकूल गरिएको वा

विधानसम्मत हुनेगरी सम्बन्धित कार्यसमितिको बहुमतले पारित गरेको आधिकारिक लाइन वा निर्णय सबै कार्यकर्ताले परिपालना गर्नेछन् । सार्वजनिक अभिव्यक्ति दिँदा हरेकले पार्टीको आधिकारिक लाइनमा रहेर बोल्नेछन्, तर कसैले पनि आफुअनुकुल हुनेगरी र समुदायमा भ्रम सृजना हुनेगरी धारणा राख्न पाइने छैन । प्रत्येक पदाधिकारी र कार्यकर्ताले देश-बिदेश सबै ठाउँमा एउटै सन्देश दिनेछन् । पार्टी एकीकरणको समयमा वा अन्य अवसरहरूमा अनुसूचिमा परेका विभिन्न विषयहरूलाई अन्तरपार्टी लोकतन्त्र मजबुत बनाउने उद्देश्यमा प्रतिबद्ध हुँदै सबै तहमा बहस चलाउने र आफ्ना फरकमतहरू सौहार्द्रपूर्वक राख्न वा बचाउ गर्न पाइने छ ।

१४. **इमान्दार राष्ट्रवादी नागरिकहरूको संगठित सेवा अभियान सिर्जना गर्नेः** अहिलेसम्म कुनै पनि राजनीतिक दलमा आबद्ध भएर वा नभएर मुलुकको हितमा योगदान दिएका, देशको भयावह दमित अवस्था देखेर पनि आफ्नो नागरिक कर्तव्यमा खडा हुन नसकेका वा बञ्चित गरिएका, देशप्रेम वा नागरिक दायित्व बहन गर्दा विभेद र अन्याय भोग्नुपरेका, साथै हालसम्म प्रयोग भैसकेका पुराना राजनीतिक दल र तिनको नेतृत्व गर्ने दर्शनहीन स्वार्थलम्पट मानिसहरूसँग रहँदासम्म देशको आमूल परिवर्तन गर्न सम्भावना छैन भनी बुझेका सत्य बोल्न र निःस्वार्थ सेवा गर्न रूचाउने सबै कर्मठ नेपाली नागरिकहरूसँग सहकार्य र एकता गर्न हामी सदैव तत्पर रहने छौं ।

## भ्रष्टाचार निराकरण गर्ने प्रतिबद्धता

दसकौंदेखि अहिलेसम्मै राष्ट्रिय राजनीतिमा देखिएको विचलन, अराजकता, हिंसा, निरन्तरको असफलता, नैराश्यता र गतिहीन, अन्यौलपूर्ण, दर्शनहीन तथा अवसरवादी नेतृत्वशैलीबाट देशलाई मुक्त राख्नुपर्ने पहिलो प्राथमिकताप्रति जनजागरण पार्टी नेपाल सचेत र गम्भीर छ । राजनीतिक व्यवहारलाई विध्वंशकारी एवं विभेदकारी प्रवृत्तिलाई तत्काल निरूत्साहित

गर्दै सही अर्थमा भौतिक, बौद्धिक, सामाजिक, न्यायिक, वैज्ञानिकसाथै अध्यात्मिक, चिन्तनलाई प्राथमिकता दिने एउटा असल, चरित्रवान, उच्च नैतिकता, अनुशासित जीवनशैली प्रदर्शन गर्ने सेवकीय चरित्रको नेतृत्वपंक्ति निर्माण गर्ने अभियानमा हामी लागिरहनुको विकल्प देखिन्न । त्यसकारण मुलुकका निम्ति निःस्वार्थ सेवा, बलिदानी योगदान दिन तत्पर, देश र नागरिक हितको निम्ति सदा प्रतिबद्ध रहने राजनीतिकर्मी तथा सेवकहरूको खाँचो पूरा गर्नका लागि हामी निम्न सवालहरूमा इमान्दार योगदान दिन प्रतिबद्ध छौंः

१. **सम्पत्ति छानबिन र अवैध कमाइ गर्नेहरूमाथि कार्वाही गरिनेः** वि.सं. २०१७ सालदेखि यता राजनीतिक एवं प्रशासनिक अख्तियारको दुरुपयोग गरी राज्यकोष दोहन गर्ने सबै मानिसहरूको सम्पत्ति स्रोतको छानबिन गरी कडा कार्वाही गर्नमा जनजागरण पार्टी नेपाल प्रतिबद्ध रहने छ । यसरी छानबिन गर्दा वि.सं. २०६५ सालदेखि हालसम्मको गणतान्त्रिक लोकतन्त्रकाल, ०६५ सालदेखि ०४७ सालसम्मको बहुदलीय प्रजातन्त्रकाल र ०४७ सालदेखि ०१७ सालसम्मको निर्दलीय पञ्चायतकालसमेत तीन भागमा वर्गीकरण गरी भ्रष्टाचारगरी आर्जन गरेको अवैध सम्पत्तिको क्रमसः दुईगुणा, सतप्रतिशत र एकतिहाइ रकम राज्यकोषमा बिगो भराउने र सोहीअनुपातमा जेलचलान गर्नेसम्मका दण्डसजाय तोक्ने व्यवस्था कडाइका साथ लागू गरिने छ । निर्दलीय पञ्चायतकालीन भ्रष्टाचारीहरूको सन्दर्भमा चर्चित मल्लिक आयोग र त्यसपछिका सबैखाले भ्रष्टाचारका सन्दर्भमा तत्कालिन मिडिया रिपोर्टहरू, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण आयोग र देश वा विदेशमा रहेका बैंक खाताहरूसमेतको अध्यावधिक प्रतिवेदनलाई आधार मानी भ्रष्टाचारको कसुर गर्ने सबैमाथि न्यायिक छानबिन र दण्डसजाय गर्न कठोर नीति अवलम्बन गरिने छ ।

२. **भ्रष्टाचार निराकरणका अनिवार्य उपायहरू चयन गर्नेः** राजनीतिक छत्रछायाँमा मौलाएको संस्थागत भ्रष्टाचार तथा शक्तिको आढमा हुने सबैखाल भ्रष्टाचारजन्य क्रियाकलापहरू अन्त्य गर्नका लागि

परम्पराकै रूपमा स्थापित भैसकेका केही संवैधानिक तथा कानूनी त्रुटीहरू सच्याउनु अपरिहार्य छ। जसअनुसार,

- न्यायिक सेवाको क्षेत्र, सबै तहका न्यायपालिकाहरू र न्यायसम्पादनमा रहिआएको एकल जातीय, क्षेत्रीय तथा अमूक दलीय प्रभावबाट मुक्त गर्ने र न्यायालयमा हुने सबैखाले नियुक्तिहरूलाई राजनीतिक दलको भागबण्डा वा हस्तक्षेपबाट मुक्त गर्ने ।

- बेतन लिएर काम गर्ने सबै कर्मचारीहरू कुनैपनि राजनीतिक दलका नेता हुनसक्दैनन्। त्यसकारण कर्मचारीतन्त्रलाई दलीय राजनीतिबाट मुक्त राख्ने कडा व्यवस्था लागू गर्नैपर्छ। सरकारी निजामति तथा सार्वजनिक सेवा प्रदायक संस्थामा काम गर्ने कुनै पनि कर्मचारीले कुनै पनि राजनीतिक दलको सक्रिय कार्यकर्ता बनेर अभिव्यक्ति दिने, नाराजुलुश गर्ने, संगठन खोल्ने र दलको प्रचारप्रसारमा प्रत्यक्ष सहभागी हुन प्रतिबन्ध लगाउने र राष्ट्रसेवक कर्मचारीलाई दलका नेताहरूको गुलामी गर्ने प्रथा सदाको लागि अन्त्य गर्ने।

- संवैधानिक आयोगहरूमा हुने सबै नियुक्तिलाई कुनैपनि दलको प्रभाव वा भागबण्डाबाट मुक्त राख्ने र मानव अधिकार, समानता तथा सदाचारका निम्ति काम गर्ने संवैधानिक आयोगहरूलाई थप वैधानिक अधिकार प्रदान गर्दै स्वतन्त्ररूपमा काम गर्ने अख्तियारी प्रदान गर्ने।

- केन्द्रीय सत्तादेखि लिएर स्थानीय निकायसम्मै सार्वजनिक सेवा, विकास-निर्माण परियोजना, उद्योग-व्यापारलगायत उपभोक्ता हितमा काम गर्ने निकायहरूलाई कालोबजारी, गुण्डागर्दी र ठेकेदारी प्रथाबाट उन्मुक्त राख्ने।

३. **पेसागत अधिकारको सवालमा भैआएको गलत राजनीतिक प्रथालाई निरुत्साहित गर्नेः** पार्टीको भातृ वा भगिनी संगठन वा आबद्ध

संस्थाको रूपमा खुल्ने कुनै पनि समुहका व्यक्तिहरूले पार्टी, सरकार र सेवाग्राहीबीच बिचौलिया दलाली गर्ने छूट पाउने छैनन् । वर्तमान दलीय राजनीतिको यो बिकृति अन्त्य गर्न जनसरोकारका क्षेत्रहरूमा त्यस्ता संगठन निर्माण गर्न निरुत्साहित गरिने छ। तथापि प्रत्यक्ष जनसम्पर्क हुने वा सार्वजनिक सेवा प्रदाय गर्ने क्षेत्रहरूमा आवश्यक गतिविधि सञ्चालन गर्नुपर्ने देखिएमा पार्टी केन्द्रीय स्थायी समिति र केन्द्रीय सचिवालयप्रति उत्तरदायी हुनेगरी आवश्यक अनुसन्धान गर्न र लोककल्याणका निम्ति विशेष सिफारिस गर्न आवश्यकताअनुसार विभाग वा समितिहरू गठन गरिने छ।

## समृद्ध नेपालको परिकल्पना

मुलुकमा आर्थिक समृद्धि, समानता र सामाजिक न्यायको सुनिश्चितता प्रदान गर्दै लोकतन्त्रलाई दीगो र परिणाममुखी बनाउने राष्ट्रिय अभियानमा अबिरल लागिरहने, भौतिक पूर्वाधारको विकासद्वारा आर्थिक चरम उन्नतिको लक्ष्य प्राप्त गर्नका लागि निजी क्षेत्रको उद्यमशीलता, वैज्ञानिक अनुसन्धान-आबिस्कार र लगानीलाई प्रोत्साहन गर्दै कृषि, वन तथा स्थानीय प्राकृतिक स्रोत-साधनको उत्पादन, वितरण र उपभोगमा सहकारिता, पर्यटन पूर्वाधारको निर्माण-विकास, शिक्षा, स्वास्थ्य, आवासको ग्यारेण्टी गर्नेजस्ता गरीबी निवारणका राष्ट्रिय परियोजना, यातायात र सञ्चारको व्यापकिकरण, विद्युत उत्पादनका लागि जल-वायुको अधिकतम् उपयोग, उदार एवं खुल्ला अर्थतन्त्र, जन- सशक्तिकरणका राष्ट्रिय र स्थानीय परियोजनाहरू द्रुतगतिमा अघि बढाउने गरी आर्थिक प्रगतिको अभियानलाई निम्नानुसार प्राथमिकतासाथ लागू गरिने छः

१. **सर्वाङ्गीण विकासमा सरोकार पक्षको निर्णय र योगदान सुनिश्चित गर्नेः** देशको दीगो विकास गर्ने कुरो अरूले गरेको प्रगतिको नक्कल गर्नु होइन, यो त सम्बन्धित क्षेत्रका मानिसहरूका अन्तरज्ञानबाट महसुस हुने उन्नति-प्रगति र समृद्धिप्रतिको चेतना र सोहीअनुसारको प्रयत्नले ल्याउने परिणाम हो । त्यसकारण मुलुकको सर्वाङ्गीण विकास तथा समृद्धि यात्रामा उच्च आर्थिक

बृद्धिदर उकास्ने दीगो योजनासहित हामी निम्नबमोजिम विकास एजेण्डामा निरन्तर काम गर्ने प्रतिबद्धता जाहेर गर्दछौंः

- **मानव संसाधन विकासः** मुलुकको सर्वाङ्गीण विकासमा मानव संसाधन विकास सबैभन्दा महत्वपूर्ण र आधारभूत पक्ष हो । मानव जीवनको आत्मिक, शारीरिक, बौद्धिक तथा सामाजिक पक्षहरूमा सन्तुलित विकास ल्याउने विषयभन्दा पर रहेर गरिएको भौतिक पूर्वाधार विकास आफैंमा अपूरो हुन्छ । त्यसकारण बहुप्राविधिक जनशक्ति उत्पादनका लागि सोहीअनुसारका तालीमकेन्द्र, शिक्षालय तथा महाविद्यालयहरूको स्थापनाद्वारा स्वतन्त्र उद्यमशीलता, व्यापार तथा उपभोगमा आत्मनिर्भरमात्रै होइन विश्वबजारमा उल्लेख्य आपूर्ति गर्न सक्षम जनशक्ति उत्पादनमा जोड दिइने छ।

- **रेमिट्यान्स होइन, स्वदेश-स्वरोजगारः** परदेशमा कमाएर ल्याएको अर्थतन्त्रले मुलुकलाई दीगोरूपमा धान्न सक्दैन, यसलाई क्रमसः बिस्थापित गर्दै कर्मशील युवाशक्तिलाई बैदेशिक रोजगारको नाउँमा धपाउने तथा दक्ष नागरिकहरूलाई समेत बिदेश पलायन बन्न बाध्य पार्ने सबैखाले नीति र व्यवहारहरू खारेज गरी स्वदेशमै जनसँस्कृति, कृषि तथा भूप्राकृतिक क्षेत्रमा आधारित पर्यटन व्यवसायमा आकर्षित गरिने छ । पर्यटन व्यवसायका माध्यमबाट रेमिट्यान्समा परनिर्भर हुँदैआएको अर्थतन्त्रका ठाउँमा पर्यटन प्रबर्द्धनका लागि विकास पूर्वाधार, व्यवस्थापन र व्यवसाय सञ्चालनमा केन्द्रित गराइने छ।

- **परनिर्भर होइन, स्वनिर्भरः** आर्थिक विकासमा बैदेशिक सहायता र ऋणको उपलब्धता हेरी सरकारले बजेट बनाउनुपर्ने बाध्यताबाट मुलुकलाई उन्मूक्ति दिन दीगो आर्थिक नीति अवलम्बन गरिने छ । अति विकसित तथा सम्पन्न मुलुकहरूबाट आर्थिक सहायता पाउनु विकासशील राष्ट्रको अधिकार हो, तथापि प्राप्त अनुदान वा ऋणको सही सदुपयोग

हुनुपर्ने स्पष्ट र पारदर्शी लगानीका कार्यविधि लागू नहुँदा अहिलेसम्म प्रत्येक नेपालीका थाप्लामा ऋणको भार थोपरिएको छ। अचाक्ली ऋणभार अन्त्यका लागि आम जनताको पहुँचमा स्वनिर्भर गराउने आर्थिक गतिविधि बढाउने सबै विकल्प पहिचान गरी उपयुक्त व्यवस्था लागू गरिने छ।

- **आयातमुखी होइन, निर्यातमुखीः** ठूला औद्योगिक मेशिनरी तथा उपकरण, यातायात तथा प्राविधिक यन्त्रहरू, इन्धन तथा उर्जाको एकतर्फि खरिद गर्नुपर्ने अवस्थालाई क्रमसः घटाउँदै लग्ने विकास रणनीति अवलम्बन गरी स्वदेशमै ठूला उद्योग कलकारखाना सञ्चालन गर्न खानी उत्खनन र उर्जा उत्पादनमा आत्मनिर्भर हुँदै कृषि, जडीबुटी, कपडाजस्ता उपभोग्य वस्तुहरूको पर्याप्त उत्पादन, प्रशोसन, बजार प्रबर्द्धन र निर्यात गर्नेतर्फ प्राथमिकतासाथ कार्यक्रमहरू लागू गर्दै निर्यात प्रबर्द्धन र आयातमा उचित प्रतिस्थापनको व्यवस्था गरिने छ।

- **बैदेशिक ऋण होइन, अनुदानः** अतिविकसित राष्ट्रहरूले विकासोन्मुख देशहरूलाई दिनुपर्ने अनुदान र विशेष आर्थिक सहयोग स्वीकार गर्नु हाम्रो अधिकार हो। त्यसर्थ अतिविकसित तथा सम्पन्न राष्ट्रहरूबाट विनियोजन हुने अनुदानहरू ग्रहण गर्दै राष्ट्रको सर्वाङ्गीण विकासमा उपयोग गर्न पार्टीले आवश्यक आर्थिक नीति बनाई लागू गर्नेछ। तर बैदेशिक ऋण भित्र्याएर नागरिकलाई ऋणभार बोकाउने पुरानो प्रथाको अन्त्य गर्न जनजागरण पार्टी नेपाल निरन्तर लागिरहनेछ।

५. **यातायात पूर्वाधार – आर्थिक वृद्धिको मूल आधारः** दार्जीलिङदेखि धार्चुलासम्मको दूरीलाई ३-४ घण्टामा यात्रा तय गर्न सकिनेगरी उच्चपहाडी क्षेत्र वारपार छिचोलेर द्रूतगतिको रेलमार्ग निर्माण गरी सञ्चालनमा ल्याउने गुरूयोजना लागू गरिनेछ । सो रेलमार्गमा मुख्य स्टेशन पर्नेगरी नेपालका पूर्व, दक्षिण र पश्चिममा २५ वटासम्म भारतसँग र उत्तरतर्फ १० वटासम्म चीनसँग सीमानाका स्थापित गरिने छ । यो मुलुककै आर्थिक विकासको गौरवशाली

परियोजना बन्नेछ, जसको दक्षिणतर्फका नाकासम्म जोड्ने फराकिला सडकहरू, उत्तरका नाका जोड्ने सुरुङमार्गहरू र उच्च हिमाली क्षेत्रमा स्थापित गरिने साततारे होटलहरूसम्म पुऱ्याउने केबुलकारका सञ्जालहरू निर्माण गर्ने दर्शनमा लगानीकर्ताहरूलाई उत्प्रेरित गरिने छ। त्यसैगरी मध्यपहाडी राजमार्गलाई स्तरोन्नति गर्ने, अहिलेको पूर्वपश्चिम राजमार्गलाई एसिया लिङ्करोड बनाउने र हुलाकी सडकको स्तरोन्नति गरी समानान्तर पूर्व-पश्चिम तराई रेलमार्गसमेत निर्माण गरिने छ। सडक र रेजका साथै जल र हवाई यातायातका सबै सम्भावनाको विकास र उपयोग गरिने छ, जसबाट लाखौंलाख स्वदेशी-बिदेशी यात्रीहरूले मुलुकको अविस्मरणीय यात्रा गर्ने अवसरसाथै आर्थिक गतिविधिका अपार सम्भावना खुल्ने छन्।

६. **सुव्यवस्थित आवास, शहरीकरण र अत्याधुनिक व्यापारिक केन्द्रहरू स्थापनाः** बढ्दो अव्यवस्थित शहरीकरणलाई निरुत्साहित गर्दै राष्ट्रिय शहरीकरण गुरुयोजना बनाई भूमि उपयोगमा निश्चित वर्गीकरण लागू गरिने छ।

- देशको राजधानी काठमाण्डौं र प्रदेशका मुख्य शहरहरूका उपकेन्द्रका रूपमा नयाँ व्यवस्थित शहरहरू (Satellite Cities) विकास गर्ने।

- अहिलेसम्म विकासका दृष्टिले ओझेलमा परेका बिकट जिल्लाहरूलाई प्राथमिकतापूर्वक व्यवस्थित शहरीकरण गर्ने नीति लिने।

- कर्णाली प्रदेशमा पर्ने हुम्ला, मुगु, डोल्पा, कालिकोटजस्ता जिल्लाहरूमा अत्याधुनिक प्रविधियुक्त शहर विकास गर्ने, विश्वकै उच्च ठाउँमा विश्वकै ठूलो एयरपोर्ट निर्माण गरेर ठूला सडकहरूको सञ्जालले जोड्ने काम गर्ने।

- जग्गादलाली वा सानाठूला भू-माफियाहरूको स्वार्थी चलखेलमा खेतीयोग्य जमिनमा शहर बसाउने प्रचलनलाई तत्काल रोकेर वैज्ञानिक योजनाअनुसार सुव्यवस्थित बस्ती र शहर विकास कार्यक्रम लागू गर्ने ।

- न्युन-मध्यम आय भएका, अव्यवस्थित बसोवास गर्ने वा भूमिहीन सुकुम्वासीहरूका लागि सहुलियत भाडादर वा आवासको व्यवस्था गर्न आवश्यक नीति बनाई निजी-सार्वजनिक आवास क्षेत्रहरू निर्माण तथा व्यवस्थापन गर्ने ।

७. **शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशुद्ध सेवाको क्षेत्र बनाइनेः** देशको शैक्षिक स्थिति तथा शिक्षाप्रदायक क्षेत्रमा रहेका सबैखाले नीतिगत त्रुटीहरू सच्यार गुणस्तरीय शिक्षामा सबैको सहज र समान पहुँच सुनिश्चित गर्न आवश्यक कार्ययोजना तर्जुमा गर्ने । विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने शिक्षा प्रणालीको विकास गर्न तद्अनुरूपका शैक्षिक संस्थाको विकासमा जोड दिने । प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिने र शिक्षामा निजी क्षेत्रको लगानीलाई कल्याणकारी उद्देश्यमा प्रेरित गर्दै यहाँ भैरहेको निरंकुश व्यापार तत्काल अन्त्य गरी मलुकभर सञ्चालित विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयहरू र नयाँ स्थापित हुने शिक्षालयहरूलाई सेवामुखी बनाउँदै नेपाललाई अन्तरराष्ट्रिय शैक्षिक तथा अध्ययन-अनुसन्धान केन्द्रको रूपमा स्थापित गराउने लक्ष्यतर्फ सिङ्गो पार्टीपंक्ति निरन्तर लागिरहने छ ।

त्यसैगरी, स्वास्थ्य क्षेत्रसँग सम्बन्धित शिक्षालयहरूमा भैरहेको असीमित र निरंकुश व्यापार अन्त्य गरेर इच्छुक विद्यार्थीहरूका लागि सुलभ तालीम प्रदान गर्दै विश्व जगतसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्नुका साथै उपयोगी प्रविधिको विकासका लागि योगदान पुऱ्याउने स्वास्थ्य संस्थाको विकासमा जोड दिइने छ । सम्पूर्ण नागरिकहरूलाई स्वास्थ्य सेवा सर्वसुलभ रूपमा उपलब्ध गराउन आवश्यक पहल गरिने छ । त्यसर्थ एउटा निश्चित

उपलब्धी हात पार्नेगरी राज्यले शिक्षित, सक्षम र सिर्जजशील मानव संसाधन विकास गर्ने उद्देश्यपूर्तिका लागि वैज्ञानिक खोज-अनुसन्धान तथा आविस्कारको क्षेत्रमा यथेष्ठ रकम विनियोजन गर्ने छ।

८. **आधुनिकृत कृषि उपज र उपभोक्ताबीच सीधा सम्पर्क स्थापित गरिनेः** कृषिमा आधुनिकीकरण गर्ने, कृषिजन्य उद्योगलाई प्रोत्साहित गर्ने, कृषीलाई व्यवसायिकरण गर्ने र कृषकका लागि किसित मल, बिउ समेतको सुलभ व्यवस्था गर्ने। कृषिमा सहकारितामाथि जोड दिँदै सहकारी संस्था र तिनका गतिविधिहरूलाई आर्थिक, सामाजिक परिवर्तनको अभियानलाई सुनिश्चित सफलतामा पुऱ्याउनका लागि कृषिमा यान्त्रिकीकरण, सूचना प्रविधिको प्रयोग र कृषिमा आधारित पर्यटन क्षेत्रहरूको विकास गरिने छ।

९. **"हरियो वन नेपालको धन" पुनः साबित गर्नेः** अहिले उत्ति सुन्न छाडिएको "हरियो वन नेपालको धन" लाई जनजिब्रोमा पुनर्स्थापित गर्न वन तथा वातावर संरक्षण गर्ने कार्यलाई दीगो विकासको नीति बनाई लागू गरिने छ। सामुदायिक वनलाई स्थानीय उपभोक्ताका लागि व्यवसायिक वनका रूपमा विकास र उपयोग गर्ने, वनपैदावरलाई वैज्ञानिक तवरले उपयोग गर्ने, राष्ट्रिय निकुञ्ज तथा संरक्षित वनहरू र वन्यजन्तुको संरक्षणमा सीमावर्ती क्षेत्रका जनताको दक्षतायुक्त पहुँच बढाउन आवश्यक तालीमसाथै क्षती न्युनीकरण र राहतको व्यवस्था गरिने छ।

## न्यायपूर्ण र सभ्य राष्ट्रनिर्माणका लागि राजनीतिक प्रतिबद्धता

भौगोलिक सीमाले घेरिएको माटोमात्रै देश होइन, त्यस माटोसित नाता गाँसिएका मान्छेहरूको बस्ती र उनीहरूको जीवनसँग जोडिने सम्पूर्ण आर्थिक, सामाजिक तथा राजनीतिक पक्षहरूको समष्टि पनि हो। देशको राजनीतिक व्यवस्थामा उपलब्ध गराइएका नागरिक हक अधिकार र सुबिधारू कुनै पनि व्यक्तिले आर्जन गरेका निजी सम्पत्ति होइनन्, न ता

कसैले दया देखाएर दिएका दान नै हुन् । देशमा जेजति परिवर्तन आएको छ, त्यो सम्पूर्ण नेपाली जनताको निरन्तरको संघर्ष र बलिदानको प्रतिफल हो । त्यसैले अब देशको शासन र राज्य संचालनको काम जनताको सहमति र अभिमतप्राप्त जनप्रतिनिधिबाट हुनुपर्दछ भन्ने मान्यतालाई आत्मसात गर्दै **राष्ट्रिय** जनजागरण पार्टी नेपालले निम्नअनुसार आफ्ना राजनीतिक तथा कुटनीतिक प्रतिबद्धता जाहेर गरेको छ ।

१. **राष्ट्रिय मिलाप तथा क्षमाशील शान्त समाजः** मुलुकमा विद्यमान सबै प्रकारका असमानता र द्वन्द तथा सोबाट सृजित परिणामहरूलाई समाधान गर्न राष्ट्रिय स्तरमै क्षमा र मेलमिलापको अभियानद्वारा जनताका हृदयमा गडेका तीक्तता, घाउ-चोटहरू तथा भौतिक क्षतिहरू पुर्ने काम तत्काल अघिबढाउनु पर्दछ, यस अभियानमा पार्टीले राष्ट्रिय अगुवाको भूमिका निर्वाह गर्नेछ ।

२. **राष्ट्रिय संरक्षकत्वः** राष्ट्रको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा तथा सीमा सुरक्षाको पक्षमा बलियो उपस्थिति जनाउँदै यस पार्टीले नेपाली समाजमा विद्यमान जातीय, भाषिक, साँस्कृतिक, धार्मिक एवं भौगोलिक विविधतालाई नेपाली राष्ट्रियताको धरोहर मान्दै पछिपारिएका, अल्पसंख्यक तथा सीमान्तकृत व्यक्ति, जाति तथा समुदाय, गरीब, अनाथ, विधवा र असहाय सबै मानिसहरूको उचित पहिचान गरी राष्ट्रिय संरक्षकत्व प्रदान गर्ने प्राथमिकतामा पार्टी प्रतिबद्ध रहने छ ।

३. **शासकीय स्वरूपः** हाल नेपालको संविधानले व्यवस्था गरेको सेरेमोनियल राष्ट्रप्रमुखको व्यवस्थाले राष्ट्रपति एवं उपराष्ट्रपतिजस्ता सेरेमोनियल पदहरू श्रृजना गरी सेतो हात्ती पाल्ने अनुत्पादक आर्थिकभार थोपरेको छ । यस व्यवस्थाले मुलुकमा शदिऔंदेखि चलिआएको सामन्तीप्रथालाई जीवितै राख्नमा पनि बल पुऱ्याउने कुरा प्रमाणित भैसकेको हुँदा प्रत्यक्ष जननिर्वाचित कार्यकारी राष्ट्रपतीय शासन प्रणालि स्थापना गर्नुपर्ने कुरामा पार्टी प्रतिबद्ध रहने छ । सोझै जनताबाट चुनिएर नियुक्त हुने राष्ट्रपतिले तोकिएको अवधिभर शासनको नेतृत्व लिन सक्ने र स्वतन्त्र

अम्बुड्सम्यानद्वारा सरकारी कामकाजको छानबिन र मूल्याङ्कन गर्ने व्यवस्था लागू गर्ने लक्ष्य हासिल गरिने छ, जसमा सांसदहरूले मन्त्री बन्न नपाउने, बरू कानून निर्माण गर्ने र कार्यपालीकाले लागू गरेका नीति तथा कार्यक्रमहरूको अनुगमन, सुधार र समर्थन गर्ने सानो आकारको जननिर्वाचित व्यवस्थापिका संसद र स्वतन्त्र न्यायपालिकाको सक्रिय र आपसी सन्तुलन-नियन्त्रण चलिरहने सरकारको पक्षमा हामी प्रतिबद्ध रहने छौं ।

४. **जनउत्तरदायी प्रतिनिधित्व र प्रत्याव्हानको व्यवस्थाः** वालिग मताधिकारको आधारमा चुनिएका जनप्रतिनिधिहरूद्वारा निर्माण हुने संविधान तथा कानून जनमुखी हुनुपर्छ र यसले राज्यलाई लोककल्याणकारी एवं जनउत्तरदायी प्रशासन सञ्चालनका लागि यथेष्ट मार्गनिर्देशन गर्नुपर्छ । सो मार्गनिर्देशनमा अटेर गर्दै लोककल्याणको कर्तव्य र जिम्मेवारी पूरा नगर्ने जननिर्वाचित व्यक्तिलाई मतदाताले नै प्रत्याव्हान गर्न पाउने व्यवस्था लागू गरिने छ ।

५. **बहुलवादमा आधारित संघीय लोकतन्त्रः** जनताको संप्रभुता, संविधानको सर्वोच्चता, जनताको प्रतिनिधिद्वारा शासन र नागरिक अधिकार एवं स्वतन्त्रतासहितको संवैधानिक प्रत्याभूतिले मात्र वास्तविक लोकतन्त्र सुनिश्चित हुन सक्दछ । समानुपातिक सहभागिता र समावेशी निर्वाचन प्रणाली, सक्षम, निष्पक्ष र समावेसी प्रशासनयन्त्र, विकेन्द्रित अधिकार, सकारात्मक तथा सृजनात्मक र न्यायपूर्ण विभेदको नीति अवलम्बन गर्दै मुलुकमा उपलब्ध साधन-स्रोतबाटै राष्ट्रोन्नति गर्न योग्य जनशक्ति निर्माण गर्नमा लक्षित लोकतन्त्र संस्थागत गरिने छ । सकारात्मक तथा रचनात्मक रूपान्तरणतर्फ मुलुकलाई डोऱ्याउँदै शान्ति र समृद्धिसहितको लोकतान्त्रिक नेपालको निर्माण गर्ने एजेण्डामा सरकार समर्पित हुनुपर्छ । त्यसैगरी संविधानको संशोधन गरी नागरिक समानता, धर्म निरपेक्षता एवं समावेसी लोकतन्त्रतालाई पूर्णतः समभावमा आधारित एवं समान सहयोग उपलब्ध गराउन प्रतिबद्ध प्रत्यक्ष अविभावकको रूपमा सरकारको भूमिका

देखिनुपर्छ । राजनीतिक दलहरू आफैं पनि कुनै धर्म, जाति, सँस्कारजस्ता कुराहरूबाट मुक्त रही विशुद्ध राजनीतिक दलका रूपमा स्थापित हुनुपर्छ। यसरीमात्रै बहुलवादमा आधारित लोकतन्त्र मुलुकमा स्थापित हुन सक्नेछ भन्नेमा हामी अटल रहने छौं।

६. **हिंसामुक्त तथा शान्तिपूर्ण आन्दोलनः** राजनीतिक व्यवस्था परिवर्तनका लागि आन्दोलन अनिवार्यजस्तै रहिआएको भए तापनि बिषम अवस्थामा चलाउनुपर्ने कुनै पनि आन्दोलनलाई वातावरणीय तथा प्रगतिवादी दृष्टिले बिकल्पमूलक बनाउँदै पार्टीले चलाउने कुनै पनि आन्दोलनहरूलाई अहिंसावादी, संयमी, आनुशासित, सृजनात्मक र कलात्मक स्वरूप दिइने छ।

७. **नागरिकप्रतिको दायित्वमा गम्भीरताः** राज्यलाई कर तिर्ने प्रत्येक नागिरकका लागि शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा प्रदान गर्नु राज्यको अनिवार्य दायित्व हो । अहिले लागू गर्न खोजिएको "योगदानमा आधारित सामाजिक सुरक्षा" आफैंमा अपूरो छ। राजनीतिक दलका सुरिला र राम्रा नाराले मात्रै जनताप्रतिको दायित्व पूरा हुँदैन । हामीले प्रस्ताव गरेको लोककल्याणकारी राज्यमात्रै यस सवालमा सशक्त विकल्प बन्ने कुरामा यो पार्टी सधैं प्रतिबद्ध रहने छ। राज्यले कार्यान्वयन गर्ने "सामाजिक सुरक्षा" योजनामा सरकारमा कर्मचारीमात्रै होइन, मजदुर, किसान। उद्योगी, व्यापारीहरू र विद्यार्थीहरूलाई पनि समावेश गर्ने योजना लागू गरिइने छ।

८. **साँचो नेपाली राष्ट्रवाद स्थापित गर्नेः** नेपालको संविधान २०७२ ले परिभाषित गरेको नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपालीको हक हितको रक्षा, सीमानाको सुरक्षा, आर्थिक समुन्नति र समृद्धि नेपालको राष्ट्रिय हितका आधारभूत विषयमा बिना सम्झौता पार्टीले दृढतापूर्वक लागिरहन प्रतिबद्धता जाहेर गरेको छ । राष्ट्रवाद मुलुकको सीमाले घेरिएको माटो, सो जमीनमा बाँचेको मान्छे र सोही परिधिबाट हुर्किएको र सबैमा स्वीकृति प्राप्त गरेको

मान्यताप्रतिको प्रेमबाट पुष्टि हुन्छ, त्यसकारण प्रत्येक नेपालीमा जिम्मेवार राष्ट्रवाद निर्माण गर्न क्षमा, प्रेम, सद्भाव र सहअस्तित्वका लागि आवश्यक राष्ट्रिय अभियान सञ्चालन गरिने छ। नेपाल देशलाई "दुई ढुङ्गाबीचको तरुल"का रूपमा चिनाउने पुरानो संकीर्ण सोचमा परिवर्तन ल्याई दुई प्रबल र शक्तिसम्पन्न हुँदै गएका दुई गोरू जोत्ने हलीका रूपमा आफूलाई स्थापित गर्ने राष्ट्रवादी चिन्तनलाई प्रबर्द्धन गर्दै भूपरिबेष्ठित राष्ट्र भएको नाताले छिमेकी मुलुकहरूप्रति समदूरी कायम राख्दै छिमेकी सम्बन्धलाई राष्ट्रिय हितमा उपयोग गरिने छ। त्यसका साथै कम्तीमा पनि आउँदो एउटा सिङ्गो पुस्तालाई नितान्त राष्ट्रवादी नागरिक पुस्ताको रूपमा दीक्षित गर्दै सैन्य तालीम र जस्तोसुकै कष्ट र परिश्रम गर्नुपरे पनि देशकै माटोमा पसीना बगाउने प्रतिबद्धताद्वारा राष्ट्रवादी चिन्तनलाई बलियोसँग स्थापित गरिने छ।

९. **न्याय प्रणालीमा राजनीतिक हस्तक्षेपको अन्त्य गर्नेः** मुलुकमा शान्ति सुरक्षा कायम राखी सम्पूर्ण देशवासीलाई न्यायपूर्ण सहअस्तित्वमा बाँच्ने वातावरण टिकाइराख्नु राज्यको सर्वोपरि कर्तव्य हो। यसका लागि मुलुकमा राजनीति वा धनाढ्यका आढमा हुने-घटाइने सबैखाले शोषण, दमन र फौजदारीजन्य अपराधको अन्त्य गर्न न्यायिक प्रक्रियामा राजनीतिक हस्तक्षेप अन्त्य गरिने छ, र यस्ता कार्यमा संलग्न जोसुकैलाई गम्भीर फौजदारी कसुर गरेको अभियोगमा न्यायको कठघरामा उभ्याएर सर्वसाधारण जनता र सिङ्गो देशका निम्ति न्यायको ग्यारेण्टी गरिने छ।

१०. **सामाजिक विसंगतिको अन्त्य, अवसरमा समावेसीकरण र सामाजिक सुरक्षा लागू गर्नेः** अन्धविश्वास, कुरीति तथा अवैज्ञानिक ठहरिएका सामाजिक प्रचलनहरू, जस्तैः बधुवा, हरवाचरवा, बादी, कमैया, देवदासत्व, छाउपडी, बोक्सी, दहेज, आदि कुसंस्कारहरू अन्त्य गर्दै समुदायका महिला, बालबालिका, दलित, बृद्धबृद्धा, अपाङ्गता भएका व्यक्तिहरू, बहिस्कृत, प्रताडित, विपन्न र पछिपारिएका व्यक्ति, जाति वा वर्ग सबैलाई समानरूपमा लागू हुनेगरी सामाजिक सुरक्षाको प्रत्याभूति गरिने छ। यस्तो अवस्थामा

रहेका नागरिकहरूलाई स्वास्थ्योपचार, जीवननिर्वाह तथा हेरचाह भत्ताको ग्यारेण्टी गरी आत्मसम्मानसाथ बाँच्न पाउने वातावरण सिर्जना गरिने छ।

११. **विद्युतीय अनलाइन मतदानः** हालसम्म मुलुकमा चलाइएको निर्वाचन कार्यक्रमलाई पारदर्शी, वैज्ञानिक एवं स्वतन्त्र मतदानको अवसर सर्वत्र ग्यारेण्टी गर्नका लागि आधुनिक प्रविधियुक्त विद्युतीय अनलाइन मतदान प्रणाली लागू गर्ने र सम्पूर्ण नेपाली नागरिकहरूलाई एउटै समयमा मतदानको अधिकार सुनिश्चित गर्ने, जसबाट रोजगारी वा अन्य कारणले आफ्नो स्थायी ठेगानामा पुगेर भोट हाल्न असमर्थ देशभित्रैका वा बैदेशिक रोजगारी, अध्ययन वा अन्य कामको शिलशिलामा बिदेशमा रहेका नेपालीहरूले पनि एकैसाथ मतदान गर्नेछन्।

१२. **संविधान संसोधनः** जनआन्दोलनका विभिन्न चरणहरू पार गर्दै लेखिएको देशको पछिल्लो संविधानमा अझै पनि प्रशस्त त्रुटीहरू तथा विभेदकारी प्रावधानहरू छन्। यस पार्टीले संविधान निर्माण प्रक्रियामा दर्ता गराएको संसोधन प्रस्तावलाई आगामि संसोधन प्रक्रियामा लिपीबद्ध गराउने कार्यमा प्रयत्न गरिरहनेछ। खासगरी अल्पसंख्यक, सीमान्तकृत जाति-समुदायहरूका हक अधिकार सुरक्षित राख्न, धर्म निरपेक्षता लगायत विषयमा थपिएका सन्दर्भहीन परिभाषाहरू हटाएर मुलुकमा पूर्ण धार्मिक स्वतन्त्रता स्थापित गर्न साथै राष्ट्रिय जनावर एकसिङ्गे गैडा राख्नमा पार्टीले सधैं आवश्यक लबी गर्नेछ ।

## कुटनीतिक सरोकारमा हाम्रो प्रतिबद्धता

नजिकका ठूला देश चीन र भारतसँगको समदूरी कायम राखी राष्ट्रिय हितका लागि सबै छिमेकी मुलुकहरूसँग पञ्चशीलमा आधारित असम्लग्न परराष्ट्र नीति अवलम्बन गर्दै यस पार्टीले अन्तरराष्ट्रिय सम्बन्धलाई अधिकतम राष्ट्रिय हितमा उपयोग गर्नेछः

१. **असंलग्न परराष्ट्र सम्बन्धः** पार्टीमा तोकिएको बाहेक कुनै पनि तहका पार्टी पदाधिकारी र सदस्यहरूले विदेशका राजदुतावास वा कुटनीतिक नियोगका प्रतिनिधीहरूसँग व्यक्तिगत लाभका लागि सम्बन्ध स्थापना गर्न नपाइने, व्यक्तिगत कामविशेषले बिदेश भ्रमण गर्नुपर्दा स्थानीय वा प्रदेशका आफूआबद्ध कार्यसमितिमार्फत केन्द्रीय बिदेश विभागबाट स्वीकृति लिनुपर्ने, विदेशबाट प्राप्त निमन्त्रणाअनुसार सभा-सेमिनार, तालीम-अध्ययन वा प्रतिनिधीमूलक सहभागीताका जनाउनु परेमा पनि पार्टीको बिदेश विभागको स्वीकृतिमा जानुपर्ने र यसबाहेक पार्टीसम्बद्ध जोसुकैलाई बिदेशी दूतावास धाउने कुरामा पूर्णतः निषेध गरिने छ।

२. **सीमा सुरक्षामा प्रतिबद्धताः** संसारका सबै राष्ट्रलाई आफ्नो देशको सीमा सुरक्षा गर्ने अधिकार हुन्छ । हाम्रो देशको सीमा सम्वेदनशीलतालाई बिचार गरी देशको खुल्ला सीमानालाई व्यवस्थित गर्नु अति जरुरी भैसकेको छ । सीमा सुरक्षाको उचित व्यवस्थापन गर्दै सबै देशका नागिरकलाई प्रवेशाज्ञा लागू गर्नुपर्छ । यहाँको भूपरिबेष्ठित यथार्थमा सीमा खुल्ला राखेर देशको उन्नति हुँदैन । त्यसकारण मिचिएका सम्पूर्ण भूभाग फिर्ता गरी चारैतिर सीमानामा कम्तिमा पनि तारबार वा पर्खाल लगाई सीमा सुरक्षा स्थायीत्व गर्ने कुरामा हाम्रो पार्टी प्रतिबद्धता जाहेर गर्दछ।

३. **मर्यादापूर्ण कुटनीतिक व्यवहारः** अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपाल र नेपालीको स्वाभिमान उच्च राख्ने र कुटनीतिक मर्यादा, मापदण्ड वा कार्यविधिअनुसारमात्रै नेपाल सरकार तथा राजनीतिक दलको तर्फबाट भेटघाट, सम्बाद वा सम्झौता गर्न पाउने व्यवस्था कडाइका साथ लागू गरिने छ।

४. **बैदेशिक अनुदान, सहयोग वा लेनदेनः** नेपालले कुनै एक मित्रराष्ट्र वा मित्रराष्ट्रहरूको समुहबाट प्राप्त गर्न चाहने ऋण, अनुदान वा कुनै पनि सहयोगमा मुलुकको सार्वभौमसत्ताको खिलाफ नहुनेगरी अधिकतम हितलाई प्राथमिकतामा राखिने छ ।

५. **अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँगको सम्बन्धः** कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको सेवा ग्रहण गर्दा सर्वाङ्गीण विकासमा केन्द्रित गर्दै, दैवी विपत्ति, महामारी, मानवीय सेवा तथा भौतिक पूर्वाधार विकासका क्षेत्रहरूमा सीमित गरिने छ ।

## राष्ट्रिय राजनीतिमा पार्टीको धार

नेपालको राष्ट्रिय राजनीतिमा अबलम्बन गरिएका कम्युनिष्ट वा कांग्रेसजस्ता कुनैपनि दलहरूको अत्यन्तै नजिक वा धेरै टाढा यो पार्टी रहँदैन । यसले उग्रक्रान्तिकारी बामपन्थी वा त्यसको विपरीत दक्षिणपन्थी धारमा आफूलाई उभ्याउने छैन । बरू 'इतर-मध्यमार्गी धार'लाई कायम राख्दै यस पार्टीले लोकतान्त्रिक सिद्धान्त अँगाल्छ र त्यसमा सर्वसम्मति जुटाउने प्रयत्नमा मध्यधारमा उभिएको यथास्थितिवाद र दक्षिणपन्थी स्वच्छन्दतावादबीचको सन्तुलन कायम गर्नेछ । हाम्रोजस्तो विकासोन्मुख देशका लागि 'खुल्ला लोकतन्त्र' वा 'अधिनायकी जनवाद' दुवै निर्विकल्प उपाय हुनसक्दैनन् । एकातिर देशमा नेपाली कांग्रेस र त्यसको वरपर रहने राजनीतिक दलहरूले प्रजातान्त्रिक समाजवादको नाममा सम्भ्रान्त-समान्त (एलिट) वर्गको बर्चस्व कायम राख्दै दलीय अराजकताको अभ्यास गरिरहेका छन्, अनि अर्कोतिर नेपाल कम्युनिष्ट पार्टी वा सोभन्दा पर उग्रक्रान्तिकारी पहिचानमा रहेका दलहरू जनवादी राज्यको हवाला दिँदै नयाँ चरित्रको सामन्तवाद स्थापना गर्नेतर्फ उन्मुख भैरहेकाछन् । चाहे त्यो लोकतन्त्रको नाममा सामन्त वर्गको बर्चस्व टिकाइराख्ने प्रयास होस् वा कथित जनवादी राज्य स्थापना गर्ने बहानामा नास्तिक निर्दयी अधिनायकहरू खडा गर्ने प्रयास होस्, ती दुवै विपरीत धारका बीचमा हामीले सर्वाङ्गीण विकासका लागि 'अहिंसापूर्ण क्रान्तिकारी मध्यधार' आत्मसात् गर्नेछौं ।

तथापि हामी कुनै पनि राजनीतिक सिद्धान्त वा ती सिद्धान्त अँगालेको बहानामा क्रियाशील राजनीतिक दलहरूका कटुआलोचक बन्दैनौं । किनभने विद्यमान राजनीतिक दलहरूका सैद्धान्तिक मार्गदर्शन आफैंमा जनघाती छैनन्, ती कुनै न कुनै अर्थमा नेपाली जनजीवन र देशको हितमा समर्पित हुनेछौं भनेरै राजनीतिक फाँटमा उभिएका छन्, तर तिनै सिद्धान्त पालना

नगर्ने नेता-कार्यकर्ताहरूले मुलुकमा नैतिकताको राजनीति समाप्त गरेको यथार्थ स्मरण गर्दै हामी आध्यात्मिक चिन्तनबाट प्रेरित बनेर मुलुकमा लोककल्याणकारी समाज निर्माणको यात्रा तय गर्ने समावेसी, समतामूलक र पूँजीवादी अर्थव्यवस्था अवलम्बन गर्दै अथक राजनीतिक अभियान निरन्तर अघिबढाउने छौं ।

## जनजागरण पार्टी नेपाललाई कसरी बुझ्नुपर्छ ?

जनजागरण पार्टी नेपाल जुटाउनुको खास उद्देश्य नै राजनीतिक क्षेत्रमा गुमेको नैतिकता, इमान्दारीता, सेवकीय भावना तथा लोककल्याणजस्ता विषयहरूलाई पुनर्स्थापना गर्नु हो । यसका मूल्यमान्यता र सिद्धान्तहरू मानव जगतमै सर्वत्र स्वीकृत उत्कृष्ट धर्मशास्त्रीय उपदेशमा आधारित छन् । विश्वराजनीतिबाटै ओझेल पर्दै गएका मानवीय नैतिकता र आध्यात्मिक मूल्यमान्यताहरूलाई पुनर्स्थापना गर्ने अठोट बोकेर दूरगामी दर्शनसहित साँचो र धर्मी चरित्र प्रदर्शन गर्ने इश्वरीय चाहना हामीमा भएकै कारण हामीले राजनीतिमा पाइला टेक्ने जमर्को गरेका हौं । विद्यमान राजनीतिमा छाएको कालो सँस्कृति र धूर्त, हिंसात्मक र विभेदकारी व्यवहारलाई परिर्वतन गर्ने अभियान हो यो र यही अभियानको एकमात्र अभियन्ताका रूपमा उभ्याउन खोजिएको एउटा चुनौतिपूर्ण तर हार्दिक अभिष्टका रूपमा यस पार्टीलाई बुझ्नु उचित हुन्छ। जसलाई हामी 'आफ्नो' भन्छौं, त्यो बिग्रिएको, गलत बाटोमा लागेको हेरिबस्नु कदापि उचित हुँदैन । मानव जीवनमा परोपकार प्रबलरूपमा बाँचिरहनुपर्छ, त्यही भावनाले मात्रै मानव समाजमा समानता र न्याय स्थापना गर्ने आधार खडा गर्छ, जसबाट आपतविपत्, पीडा र अन्यायमा परेको व्यक्ति वा समुदायका लागि उदारपूर्वक सेवा गर्ने र न्यायपूर्ण उन्नतिको मार्गमा सबैलाई सरिक गराउने अभियान सिर्जना गर्न सकिन्छ। सचेत र कर्तव्यनिष्ट नागरिक भएको नाताले नेपाली माटो, मान्छे र नागरिक दायित्वप्रति हामीमा साँचो लगाव हुनुपर्छ । निरन्तरजसो अविश्वास, विभेद, शोषण, अन्याय, झूट र भ्रष्ट राजनीतिक चरित्रको नेतृत्व रहिरहँदासम्म यो देश निरन्तर पतनको मार्गमा लागिरहन्छ भन्ने कुरामा हामी सबै सहमत छौं, तापनि यसलाई "फोहोरी खेल" कै संज्ञा दिएर हामी यसबाट परहेजी भइबस्यौं भने चाहना गरिएको परिवर्तन आउने छैन ।

सुधारको पक्षमा सकेको योगदान-बलिदान गर्ने दायित्व सच्चा नागरिकमा हुनैपर्छ । हामी परिवर्तनका बाहकहरू हौं, हामी आफैंले देशमा आमूल परिवर्तन ल्याउने प्रतिज्ञासहित देशसेवामा समर्पित गर्नुपर्छ, दिग्भ्रमित र भ्रष्ट अगुवाहरूको पछिलाग्ने निरिह दर्शक बनिरहँदासम्म कसैको कल्याण सम्भव हुने छैन । साँच्चै, राजनीतिक नेतृत्व अग्रगामी, दर्शनयुक्त, न्यायी, इमान्दार र लोककल्याणकारी दायित्वमा खडा भैदिने हो भने देशवासीहरूले राष्ट्रका निम्ति स्वेच्छिक योगदान दिने वातावरण बन्छ र विकासको रफ्तार बढ्छ । त्यसकारण, यही उद्देश्यले मुलुकलाई "सुन्दर, शान्त र समृद्ध" बनाउने दर्शनसहितको राष्ट्रिय अभियान सिर्जना गर्ने नैतिकवान मानिसहरूको साँचो प्रयासका रूपमा लोककल्याणकारी समाज स्थापनाको लक्ष्यमा निरन्तर अघिबढिरहने राष्ट्रिय राजनीतिक अभियानको रूपमा यस पार्टीलाई बुझिदिनुहुन अनुरोध गर्दछौं ।

## नेपाली मतदाताहरूले जनजागरण पार्टी नेपाललाई नै किन साथ दिनुपर्ने ?

राजनीतिक दल हो, चुनावद्वारा नै यसको सार्थकताको जाँच हुन्छ । ध्यान दिनुपर्ने कुरो, दलले अँगालेको सिद्धान्त, मूल्यमान्यता, नीति तथा कार्यक्रमहरू के रहेछन् भनी हेर्नु आवश्यक हुन्छ, त्यसभन्दा बढी यसको केन्द्रीयदेखि लिएर स्थानीय तहसम्मको नेतृत्वमा कोकस्ता मानिसहरू छन् भन्ने कुराको मूल्याङ्कन गर्नु सबैभन्दा महत्वपूर्ण हुन्छ । हाम्रो दलसँग आबद्ध मानिसहरूको जीवनशैली, योगदान र लोकल्याणकारी कार्यमा रहँदै आएको संलग्नता, सच्चरित्र व्यवहार कस्तो छ भन्ने कुराको राम्रो जाँच गरियोस्, हामी सम्पूर्ण मतदातासमक्ष अनुरोध गर्दछौं ।

हामी साँचो मानवीय नैतिकता, अहिंसावादी एवं आध्यात्मिक चरित्र प्रदर्शन गर्ने हिम्मतका साथ देशमा कमजोरहरू तुल्याइएका मानिसहरूको पक्षमा उभिएका छौं । देशले इमान्दार, नैतिकवान, राष्ट्रप्रेमी दर्शनयुक्त नेताको खोजी गरेको धेरै भयो । राजनीतिक शक्तिको दूरोपयोगका कारण मुलुक धरासायी बन्दैछ, हाम्रो दैनिक जीविकाको सवालमा राजनीतिले दूर्गन्ध फैलाइरहेको छ, देशको ठूलो शक्ति र स्रोत विदेश पलायन हुन बाध्य छ, जान्नेबुझ्नेहरू पनि निराशामा डुब्दैछन् । यही विषम स्थितिमा हामी

आफूलाई दूषित राजनीतिको मैदानतिर डोऱ्याउँदैछौं । राजनीतिक शक्तिको अनैतिकतिक, भ्रष्टाचारी र विध्वंशकारी चरित्रका कारण सुख्खा र निराजनक अवस्थामा पुऱ्याइएको देशलाई साँच्चिकै बदल्न सक्ने जनताको शक्तिलाई बिउँझाउने जिम्मेवारी हामीले बोकेका छौं । राष्ट्रका निम्ति हामीलाई एकमात्र बैकल्पिक शक्तिको रूपमा पहिचान गरियोस्, हामी नेपाली राजनीतिको इतिहासदेखि आजसम्मै हेर्न खोजिएको त्यो परिवर्तनकारी अभियानको नेतृत्व लिन हामी तयार छौं । त्यसकारण, संक्षिप्तमा हामी आफूलाई निम्न बुँदाहरूमा प्रश्तुत गर्छौं:

सदस्यता वा जिम्मेवारी नदिने:

- यस पार्टीले दुई वा तीनजनाले असल चरित्र, परिश्रमी, सृजनशील, सिकारू, विनम्र र धर्मी व्यक्ति हो भनी साक्षी नदिएसम्म कसैलाई सदस्य बनाउँदैन ।
- यस पार्टीले सामाजिक जीवनमा भ्रष्ट, अनैतिक, अधर्मी भनी बदनाम भैसकेको व्यक्तिलाई उसले आफू बदलिएको यथार्थ उसको आफ्नै समुदायमा प्रमाणित नगरूञ्जेलसम्म सदस्यता दिँदैन ।
- धर्म, धार्मिकता तथा ईश्वरको अस्तित्व स्वीकार नगर्ने व्यक्तिलाई यस पार्टीमा कुनै जिम्मेवारी दिइने छैन ।
- आफ्नो परिवार तथा वैवाहिक जीवनप्रति इमान्दार हुननसक्ने दुराचारी व्यक्ति कोही पनि यस पार्टीको सदस्य हुँने छैन ।
- लोभी, स्वार्थी, अभिमानी, जिद्दी, अन्यायी तथा आर्थिक अपचलनमा फँसेको कोही पनि यस पार्टीको सदस्य बन्न सक्दैन ।
- पार्टीसित आबद्ध रहेको बहानामा तोकिएको नैतिकतामा तलमाथि पार्ने जोसुकै व्यक्तिलाई तत्काल कार्वाहीस्वरूप पार्टीबाट बर्खास्त गरी कानूनी उपचारका लागि राज्यसमक्ष जिम्मा लगाउनेछ ।

अर्थात्, यस पार्टीले दुई वा तीनजनाको साक्षीका आधारमा असल चरित्र, परिश्रमी, सृजनशील, विनम्र र धर्मी व्यक्तिलाई आफ्नो सदस्य बनाउँछ । पहिले कुनैबेला सामाजिक जीवनमा भ्रष्ट, अनैतिक, अधर्मी भनी बदनाम भैसकेका तर कालान्तरमा आफू बसेको समुदायमा परिवर्तित जीवनको

प्रमाणित साक्षी बनाइसकेका व्यक्तिहरू यस पार्टीका सदस्य बन्न सक्छन् । यसका सदस्यहरूले धर्म, न्याय र नैतिकतालाई सर्वोच्च मान्नेछन् । एकमात्र सृष्टिकर्ता, पालनकर्ता र न्यायकर्ता परमेश्वरको अस्तित्वलाई स्वीकारेर सदा उहाँको भयमा जीवन यापन गर्ने मान्छेहरू हाम्रो पार्टीका सदस्य हुनेछन् । सदाचारी, सद्गुणी र परोपकारी व्यक्तिले हाम्रो पार्टीमा स्थान पाउनेछ ।

**बन्द हड्ताल नगर्ने:**

- यस पार्टीले आफ्नो कुरो बिकाउन, सरकार वा प्रशासनमाथि दबाव सृजना गर्न अथवा सत्ता प्राप्त गर्नका लागि जनजीवनमाथि घात् हुनेगरी बन्द-हड्ताल गर्दैन ।
- आन्दोलनका नाउँमा लाठी, ढुङ्गा-मूढा र कुनै प्रकारले हिंसात्मक देखिइने हातहतियार प्रयोग गर्ने कार्यकर्तालाई बाटोमा उतार्दैन । हत्याहिंसा र तोडफोड गर्दैगर्दैन । जुलुश निकालेर एकै घण्टा पनि कतै सडक अवरोध गरिने छैन । टायर बालेर वा तोफोड गरेर वातावरण ध्वस्त बनाउँदैन ।
- आम नागरिकको मौलिक हक-अधिकार हनन् हुने वा सर्वसाधारणका जीवनमाथि कुनै किसिमको हस्तक्षेप हुने काम किमार्थ गर्दैन । बजार, उद्योग र व्यवसायमाथि बन्देज लाग्ने कुनै गतिविधि अघिसार्दैन र "मूर्दावाद" आशयका नारा अलाप्दैन ।

अर्थात्, आफ्नो कुरो बिकाउन, सरकार वा प्रशासनमाथि दबाव सृजना गर्न अहिंसात्मक एवं सिर्जनात्मक उपायको खोजी गर्छ। सत्ता प्राप्त गर्नकै लागि पनि आम नागरिकको मन जितेर अभिमत बटुल्नेछ । पार्टीका समर्थक एवं कार्यकर्ताहरूको निरन्तर प्रयत्नबाट जनसाधरणको जीवन सुचारू बनाउन सहयोग गर्दै असल नागरिक जिम्मेवारी पूरा गर्नेछ । र, सिङ्गो पार्टीपंक्ति सृजनात्मक काम गर्नमा जाँगर र अठोटसहित लागि रहन्छ ।

*समता र न्याय नकुल्चिने:*

- यस पार्टीले सिद्धान्त र नियमभन्दा माथि कुनै व्यक्तिलाई राख्दैन । सर्वसाधरण तथा कमजोरहरूलाई पकडमा राख्नका लागि भनेर कानून बनाउँदैन र कानूनलाई आफैले कुल्चिएर हिँड्दैन ।

- न्यायलाई पन्छाएर कसैमाथि पक्षपात गर्दैन । राष्ट्र र नागरिकभन्दा माथि पार्टीलाई उचाल्दैन । नेता र जनताको बीचमा भेद राख्दैन । लिङ्ग, वर्ण, जात, वर्ग र धर्मका नाममा कसैलाई विभेद गर्दैन ।

अर्थात्, यस पार्टीले आफ्ना सिद्धान्त, मूल्यमान्यता र (आवश्यक संशोधनसहित) देशको संविधान, नियम र कानूनलाई सर्वोच्च मान्दछ । कानूनसामु हरेक व्यक्तिलाई समान ठान्दछ । न्याय र कानूनी राज्य स्थापित गर्छ । सबैकुरामा इमान्दारीता, पारदर्शिता र जनताप्रतिको बफादारिता कायम राख्छ । दलीय स्वार्थभन्दा माथि राष्ट्रिय स्वार्थलाई पश्रय लिन्छ । लिङ्ग, वर्ण, जात, वर्ग र धर्मका नाममा कसैलाई विभेद गरिइने रीतिथितिहरू तथा शान्ति, न्याय र प्रगतिमा बाधक बन्ने जुनसुकै तत्वहरूलाई तत्काल समाप्त पार्दछ ।

**हामीले बुझ्ने प्रयत्न गर्‍यौं –** मुलुकलाई बनाउने वाद र सिद्धान्तहरू होइन रहेछन्, मान्छे चरित्रवान, निःस्वार्थी र परोपकारी भैदिए धेरै कुरो हुने रहेछ । त्यसकारण तपाईं र मैले बुझेको वा मानिलिएको वाद, सिद्धान्त र दर्शनहरूलाई आफैसित सीमित राखेर अब देश बनाउने अभियान थाल्न हतार भैसकेको छ ।

**तपाईंलाई आखिरी प्रश्न –** के देश बनाउने एकमात्र चाहनाद्वारा प्रेरित बनेर उल्लेखित उद्देश्य एवं अभिप्रायसाथ घोषणा गरिएको यस राजनैतिक दलको सदस्यता प्राप्त गरी नेपाल राष्ट्र र नेपालीमात्रका लागि चाहिएको जस्तोसुकै योगदान दिन तपाईं आफूलाई योग्य ठान्नुहुन्छ ? त्यसो भए यस जनजागरण पार्टी नेपालको सदस्यता प्राप्त गर्नका लागि यथासक्य चाँडो सम्पर्क गर्नुहोस् ।

## सदस्यता लिँदा वा तोकिएको जिम्मेवारी ग्रहण गर्दा लिनुपर्ने शपथ ग्रहण

म ..... पूर्ण निष्ठा र इमान्दारिपूर्वक यस 'जनजागरण पार्टी नेपाल'को मूल्य-मान्यता र सिद्धान्तमा आस्था एवं विश्वास राखी देश र जनताप्रति इमान्दारिता, बफादारिता र निःस्वार्थ सेवा र लोककल्याणको उद्देश्यमा निरन्तर क्रियाशील भई सुन्दर, शान्त र समृद्ध नेपाल" निर्माण गर्ने दर्शनसहितको राष्ट्रिय राजनीतिक अभियानमा सक्रियरूपमा सरिक भएर नेपालमा शान्ति, समानता, न्यायपूर्ण र निरन्तर प्रगतिउन्मुख समाज स्थापना गर्दै सामाजिक, राजनीतिक तथा आर्थिक विकास गर्ने उद्देश्यले पार्टीको विधान र अनुशासन पालना गर्न मञ्जुर गरी राजीखुशीले आफूलाई सदैव प्रतिबद्ध बनाउने दृढ अडानसहित नेपाल राष्ट्र, नेपाली जनता, नेपाली राष्ट्रिय झण्डा र पार्टीको आदर्श सिद्धान्त सूचक झण्डाको पृष्ठभूमिमा तपाईं मेरा सहकर्मी मित्रहरू र ईश्वरलाई साक्षी राखी शपथ ग्रशण गर्दछु।

## जनजागरण पार्टी नेपालका नाराहरु

इमान्दार, कर्तव्यनिष्ठ एवं राष्ट्रवादी कर्मठ नागरिकको स्वयम्सेवाले मुलुकको सर्वाङ्गीण विकासमा अबिरल योगदान दिन सक्दछ । अनि सच्चरित्रवान नागरिक निर्माण गर्नमा राजनीतिक दलको भूमिका अहम् रहन्छ। यसका लागि हामी हरेकले निम्न नाराहरू हृदयैदेखि बाचन गर्नुपर्दछः

- हरेक जातजाति, भाषाभाषी, लिङ्ग, वर्ण र धर्मको साझा फूलबारीमा हामी सबैको समान स्थान कायम राखौं ।
- नागरिकहरूको समावेशी, समतामूलक र लोककल्याणकारी समाज निर्माण गर्न प्रतिबद्ध बनौं ।
- नेपाली समाजमा पूर्ण धार्मिक स्वतन्त्रता र धर्मनिरपेक्षताको भावनाअनुसार व्यवहार गरौं । लोकतन्त्र, मानवअधिकार र विधिको शासनको पक्षमा अटल भई खडा होऔं ॥
- हामी सबै नमूनायोग्य जीवन बाँचौं र आफ्ना छिमेकीको निःस्वार्थ सेवा गरौं । अरूलाई गाली गरेर होइन, आफूलाई नियालेर कमजोरी सच्याऔं ॥
- स्वार्थ त्याग हाम्रो मुख्य प्रयत्न हो, लोककल्याणकारी समाज निर्माणका लागि स्वार्थ त्यागौं र सेवा गरौं ।
- परिवर्तन सम्भव छ, सोच बदलौं । हामी आफैंबाट शुरू गरौं – ऐक्यबद्ध बनौं ।
- संघीयता, लोकतन्त्र, संविधानवाद । सहकारिता, उद्यमशीलता, पूँजीवाद ॥
- सुन्दर, शान्त, समृद्ध नेपाल निर्माणको पक्षमा बलिरहेको 'टर्चलाइट' चुनाव चिन्हमा मतदान गरौं ।

# धन्यवाद

*संघीयता, लोकतन्त्र, संविधानवाद ।*
*सहकारिता, उद्यमशीलता, पूँजीवाद ।।*

स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न नेपाली
जनता, औद्योगिक पर्यटनद्वारा सुसम्पन्न
नेपाल राष्ट्र, लोककल्याणकारी एवं
जनउत्तरदायी सरकार, समतामूलक,
न्यायपूर्ण र कानुनी राज्य, मुलुकका यावत
क्षेत्रहरूमा सर्वाङ्गीण तथा दीगो परिवर्तनद्वारा
समृद्धिशाली राष्ट्र निर्माणको लागि आवाज
बिहीनहरूको पक्षमा भरपर्दो सहयात्री बन्न
प्रतिबद्ध राष्ट्रवादी नागरिकहरूको
*एकमात्र राजनीतिक दल*

# जनजागरण पार्टी नेपाल

सम्पर्क
डा. बि. पी. खनाल (केन्द्रिय अध्यक्ष) ९८४३५७५२८१
श्री सुनिल महर्जन (बरिष्ठ उपाध्यक्ष) ९८५१०६५८९३
श्री रोशन खतिवडा (महासचिव) ९८५१२२८०३१